२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष १०, अङ्क २, पूर्णाङ्क ३६ (Year 10, Vol. 2, Issue 36 ) चैत्र, २०७१ / April 2015, SAHAMATI SANDESH

## कृषि तथा जीविकोपार्जन विशेष

### संस्थागत भनाई

नेपाल एक भूपरिवेष्ठित, अधिकांश क्षेत्र पहाडले ओगटेको देश हो । यहाँको कूल भू–भागमध्ये समतल जमिन करिव १७% र हिमाल तथा पहाडले करिव ८३% जमिन ओगटेको छ । पछिल्लो तथ्याङ्क अनुसार यहाँ बसोबास गर्ने जनताहरुमध्ये करिव ६५% जनताले कृषि व्यवसाय अंगालेका छन् । यहाँको खेती गर्ने परम्परागत शैली तथा निर्वाहमूखी कृषि व्यवसाय र सरकारी नीति कृषि उत्पादकको अनुकुल नभएका कारण नेपालमा बसोबास गर्ने नेपालीका लागि पुग्ने अन्नवाली तथा पशुजन्य उत्पादन हुन नसकि छिमेकी मुलुक विशेषगरी भारत तथा चिनबाट खाद्यवस्तु समेत आयात गर्न परिरहेको अवस्था छ ।

केहि वर्षयता आएर सरकारी तहबाट नेपालको आर्थिक विकासका लागि कृषिमा विशेष जोड दिनुपर्छ भन्ने सैद्धान्तिक सहमति भएपनि यसलाई व्यवहारमा उतार्न सकिरहेको अवस्था छैन । सरकारी संरचना हेर्दा एक किसिमले गाउँ तहदेखि जिल्ला हुँदै केन्द्रीय तहसम्म तहगत संरचनाहरु बनेको पाइन्छ तर देशको भौगोलिक बनौट तथा विकटतालाई मध्यनजर राख्दा संरचनागत विकासमा अझै विस्तार र व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । हाल भएका कृषि सेवा केन्द्रहरुमा भएको जनशक्ति र त्यसको कार्यक्षेत्र हेर्दा त्यति प्रभावकारी हुन सकिरहेको देखिदैन । यसका लागि प्रत्येक गाविस तथा नगरपालिकाका किसानहरुले सेवा पाउन सक्ने गरी केन्द्रहरुको संख्यामा वृद्धि गर्नु पर्ने देखिन्छ ।

नेपालको भू–बनोट र परम्परागत सीप तथा व्यवसायलाई मध्यनजर राख्दा यहाँका जनताहरुको जीवनस्तर उकास्नका लागि कृषिमा जोड दिनुपर्ने देखिन्छ । पछिल्लो समयमा केहि नेपाली युवाहरु कृषि व्यवसायतर्फ आकर्षण भएको देख्न पाउछौं । यो नेपालको लागि राम्रो कुरा पनि हो । युवाहरु मिली सहकारीको स्थापना र सहकारीको माध्यमबाट विभिन्न किसिमका सीपमूलक तालिम लिई, सहकारीबाटै सहुलियत दरमा ऋण लिई व्यवसायहरु सञ्चालन गर्न थालेका छन् । देशको भौगोलिक अवस्था र प्राकृतिक स्रोत साधनलाई उचित प्रयोग गर्ने गरी व्यवसाय सञ्चालनका लागि युवाहरुलाई उचित तालिमको व्यवस्था मिलाउन सकियो भने मात्र वास्तवमा यहाँ व्यवसायिक रुपमा कृषि व्यवसाय फष्टाई नेपाललाई खाद्यान्नबाट आत्मनिर्भर बनाउन सकिन्छ । खेतीयोग्य जमिनको सुरक्षा गरी पहाडी क्षेत्रमा यातायात तथा अन्य सुविधाहरुको विकास गरी बसोबास बढाउनु पर्ने देखिन्छ । यसको लागि सरकारी तहबाट विशेष पहल गर्न आवश्यक छ, ढिलो भइसकेको छ ।



सहमतिले नियमित रुपमा प्रकाशन गर्दै आएको सहमति सन्देशको यस अंकलाई कृषि तथा जीविकोपार्जन विशेषको रुपमा प्रकाशन भएको छ । यस अंक प्रकाशनका लागि आ–आफ्नो क्षेत्रबाट लेख र रचनाहरु उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने विभिन्न जिल्लाका कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृतज्यूहरु समेत कृषि विज्ञ कर्मचारीज्यूहरु, सहमति संस्थाद्वारा विभिन्न जिल्लामा कार्यरत कर्मचारी साथीहरु साथै केन्द्रीय कार्यालयमा कार्यरत सम्पूर्ण साथीहरुमा नव वर्ष २०७२ को हार्दिक मंगलमय शुभकामना सहित धन्यवाद दिन चाहन्छु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष

### हार्दिक मंगलमय शुभकामना

नयाँ वर्ष २०७२ सालको उपलक्ष्यमा यहाँहरुको सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**
गैंडाकोट, नवलपरासी

### यस भित्र ......

- विभिन्न जिल्लास्थित सरोकारवाला तथा कार्यक्रमहरुको कृषि तथा जीविकोपार्जनका क्षेत्रमा भएका प्रयास तथा उपलब्धी सम्बन्धी लेख तथा रचनाहरु
- हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको उपलब्धीहरु
- विभिन्न साझेदारी कार्यक्रमहरुको फोटो झलक

# सहमति सन्देश

वर्ष–१०, अङ्क–२, पूर्णाङ्क–३६
(चैत्र २०७१)

**संरक्षक**

रत्नप्रसाद सापकोटा
अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**

रीता कुमाल

**सम्पादन**

अशोकराज पोखरेल
सरोज भुषाल

**विशेष सहयोगी**

रविन्द्रनाथ अधिकारी
सुन्दर बाबु बानिया
शिव सुवेदी
धनप्रसाद पौडेल
विकास सापकोटा
बलराम दवाडी

**प्रकाशन सहयोगी**

प्लान नेपाल
बालिका शक्ति परियोजना, म्याग्दी



**पत्राचार तथा सुझावका लागि**

**सहमति**

गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०५६–५०२०९०, ५०२३७३
फ्याक्स : ०५६–५०२२७७
इमेल : sahamati@wlink.com.np
वेभसाइट : www.sahamati.org



**मुद्रण :**

शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com


## सम्पादकीय..........

देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रमा आंशिक एवं पूर्ण रूपमा आवद्ध जनसंख्या करिव ६५% रहेको छ । राष्ट्रिय कूल ग्राहस्थ उत्पादनमा यस क्षेत्रको योगदान करिव ३४% भन्दा बढी छ । भौगोलिक एवं जैविक विविधता, प्राकृतिक स्रोत, साधनको प्रचुर उपलब्धता एवं उपयोगको सम्भाव्यता, निर्यातमूलक औद्योगिक वालीहरुको प्रशस्त उत्पादन सम्भावना, दीगो जीविकोपार्जनलाई बढावा, समुदायको सामाजिक, आर्थिक सम्पन्नता कृषि क्षेत्रको विकाससँग सापेक्ष रूपमा सम्बन्धित छ । साथै अधिकांश जनताको आम्दानीको प्रमुख स्रोत, व्यवसायिकता एवं रोजगारीको सिर्जना, जीविकोपार्जनको मूख्य साधन, खाद्यान्न उत्पादनमा आत्मनिर्भरता एवं तुलनात्मक हिसाबले राष्ट्रिय उत्पादनमा बढी योगदान दिने क्षेत्रको रूपमा रहि आएको छ । नेपालको अधिकांश भू–भागमा रहेका नेपाली कृषकहरु आधुनिक ज्ञान, सीपको कमिले गर्दा अझै पनि परम्परागत खेती प्रणाली अगाल्न बाध्य छन् ।

सहमति संस्थाले आफ्नो कार्यक्षेत्रमा विगतदेखि आजसम्म कृषि र जीविकोपार्जनको सवाललाई उठाउँदै आएको छ र यसमा सफलता पनि हाँसिल गरेको छ । नवलपरासी, बाग्लुङ, म्याग्दी, तनहुँ, सिन्धुली आदि जिल्लाहरुमा सञ्चालित साझेदारी कार्यक्रमहरु सबैको अन्तिम लक्ष्य उक्त समुदायको सामाजिक एवं आर्थिक अवस्था सुधार गर्नु नै हो । अत: संस्थामा हाल सञ्चालित अधिकांश परियोजनामा कृषि र सहकारीको पाटो मूख्य रुपमा पाउन सकिन्छ । कृषिले दिगो जीविकोपार्जनतर्फ उन्मुख गराउँछ भने सहकारीले सामाजिक तथां आर्थिक सशक्तिकरणतर्फ अग्रसर गराएको छ । यसरी कुनैपनि समुदायको सामाजिक, आर्थिक र राजनीतिक सवल हुनु भनेको समुदायको सम्पन्नता (Well-Being) तर्फ उन्मुख भएको मान्न सकिन्छ । त्यसैले कृषि र जीविकोपार्जन एक-अर्काको पूरक अर्थात् गहिरो अन्तरसम्बन्ध रहेको पाउन सकिन्छ ।

कृषि क्षेत्रको विकासमा नीतिगत तहमा राम्रा प्रयास नभएका होइनन् जस्तै २० वर्षे कृषि विकास रणनीति तयारी, भौगोलिक सम्भाव्यता हेरी बाली विशेष पकेट क्षेत्र घोषणा र नार्क (NARC) जस्ता स्वायत्त अनुसन्धानमूलक संस्थाको स्थापना, जिल्लादेखि इलाकास्तरसम्म कार्यालय र सेवा केन्द्रको संरचना आदि छन् । यी प्रयासहरु भएपनि कार्यान्वयन तहमा देखिएको फितलोपना जस्तै: पर्याप्त कर्मचारी अभाव, वास्तविक किसानसम्म कृषि प्रविधिको पहुँचमा कमि, युवा पुस्तालाई कृषि/पशुमा आकर्षित गर्ने कार्यक्रमको अभाव, भूमिमा असमान वितरण/स्वामित्वको व्यवस्था, सिञ्चाईमा सहुलियत र बजारीकरणमा सरकारी सहयोग, सहजिकरण र निर्यातमा मध्यस्थकर्ताको अभाव अझै छ ।

वास्तवमा सहकारी जुनसुकै शासन व्यवस्थाले पनि सर्वाधिक रुचाइएको क्षेत्र हो । यस क्षेत्रको प्रवर्द्धन, विकास र विस्तार मार्फत गरिब र मध्यम वर्गीय परिवारको आर्थिक, सामाजिक सशक्तिकरण गर्न सकिन्छ भन्ने कुरा जुनसुकै बाद र अर्थव्यवस्थाका पक्षपातीहरुले पनि स्वीकार गर्दै आएका छन् । हाम्रो देशमा पनि वि.सं. २०४६ सालपछि यस क्षेत्रको द्रुततर विकास र विस्तार भएको पाइन्छ । दुध, तरकारी, फलफूल, जडिवुटी, स्वास्थ्य, चिया, कफि आदि जस्ता ग्रामीण जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय केन्द्रित सहकारीहरुले निम्न वर्गीय परिवारको आर्थिक हैसियत धेरथोर उकास्न निकै मद्दत गरेका छन् छोटो समयमा ।

यी सवालहरुलाई विश्लेषण गर्दा अब राज्य र नीजि क्षेत्रले दुबै पक्षबाट कृषि, सहकारी क्षेत्रको परिणाममुखी विकासको लागि हाल कृषि एवं सहकारी क्षेत्रमा गरेको लगानी वृद्धि, नीतिगत सुधार, उत्पादनको समायोजन र निर्धारण, बाह्य आयात नियन्त्रण, आचारसंहिता निर्माण, पूर्वाधार निर्माण, पकेट क्षेत्र घोषणा कार्यान्वयन, आधुनिक प्रविधिको पहुँच विस्तार, अनुसन्धानात्मक कार्यमा जोड दिनुपर्दछ । त्यस्तै निजी क्षेत्रबाट सामुहिक लगानी, स्थानीय लघुवित्तिय सेवा मार्फत लगानीको सहज वातावरण तयार गर्नुपर्दछ । एक गाउँ एक उत्पादनको अवधारणा, युवा पुस्तालाई बढि आकर्षित गर्न युवामुखी कार्यक्रमलाई जोड दिनुपर्दछ, जसले कृषि र जीविकोपार्जनको मुद्दालाई दीगो रुपमा स्थापित गर्न मद्दत पुग्दछ ।

❁❁❁

# जिल्लामा कृषि क्षेत्रको प्राथमिकता तथा अवसरहरू

✍ श्रीकान्त घिमिरे
योजना अधिकृत, जिल्ला कृषि विकास कार्यालय, नवलपरासी

नेपालका करीब ६५.७% जनताहरु जीविकोपार्जनका लागि कृषि क्षेत्रमा आश्रित रहँदै आएका छन् । यस परिप्रेक्षमा जवसम्म कृषि क्षेत्रको विकास हुन सक्दैन तवसम्म बहुसंख्यक गरीब जनताको जीवनस्तर माथि उठ्न नसक्ने तथ्य निर्विवाद छ । कृषि क्षेत्रको दीगो विकास नेपालका लागि अपरिहार्य मात्र होइन, अत्यावश्यक नै छ । विगत २०-३० वर्ष पहिलेसम्म धेरै कृषकहरुले स्थानीय जातका बालीनालीहरु लगाउने प्रचलनले गर्दा रोग, किराहरूबाट त्यति नोक्सानी हुँदैन थियो । समस्या आइपरे पनि स्थानीय क्षेत्रमा पाइने श्रोत, साधन र प्रविधिबाट तिनको नियन्त्रण तथा व्यवस्थापन गर्ने गरिन्थ्यो । तर प्रविधि विकासको साथसाथै बढ्दो जनसंख्यालाई आवश्यक पर्ने कृषिजन्य वस्तुहरुको उत्पादन बढाउने क्रममा उन्नत जात, रसायनिक मलको प्रयोग, व्यवसायीक खेती प्रणालीको विकासले गर्दा तिनमा लाग्ने रोग, कीरा, झारपातको प्रकोप पनि बढ्दै गएको पाइन्छ । यसै परिप्रेक्षमा विभिन्न बालीनालीमा स्थान विशेष वर्षेनी नोक्सानी पुर्‍याउने शत्रु जीवहरुबाट बाली भित्र्याउनु अघि खेतबारीमा र पछि भण्डारणसम्म भइरहेको नोक्सानी (२०-३५%) लाई कम गरी दीगो रूपमा कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यमा बाली संरक्षण पक्षको महत्वपूर्ण भूमिका हुने गर्दछ । विभिन्न प्रकारका रोग, कीरा, झारपात व्यवस्थापन गर्नमा प्रयोग हुँदै आएको विषादीको बढ्दो प्रयोगले मानिस, जनावर र वातावरणलाई प्रभाव पार्दै आइरहेको स्थितिलाई समयमा नै सर्तक भई सो को वुद्धिमत्तापूर्ण व्यवस्थापन गर्न दीर्घकालीन कृषि योजना (Agriculture Perspective Plan) लगायत कृषि विकासका सबै नीति, रणनीति र योजनाहरुले एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) एप्रोचलाई बाली संरक्षण विधाको केन्द्र विन्दु (Focal Point) को रूपमा अंगिकार गरी रोग, कीरा, झारपात व्यवस्थापन कार्यक्रमहरु सञ्चालन हुँदै आइरहेका छन् ।

नेपाल सरकारले दीर्घकालीन कृषि योजना (APP) को मूल अवधारणा अनुरुप कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन वृद्धिमा वातावरण अनुकूल शत्रुजीव व्यवस्थापन प्रविधिको उपयोग गरी पकेट प्याकेज रणनिती (Pocket Package Strategy) अनुरुप कृषि विकास कार्यक्रमहरु सेवा केन्द्र, जिल्ला, क्षेत्र र केन्द्रस्तरमा सञ्चालन हुने कार्यक्रमलाई कृषक समूहमार्फत सेवा पुर्‍याउँदै आइरहेको छ । नेपालमा कृषि विकासको समस्यालाई गहिरिएर विश्लेषण गर्दा दीगो कृषि विकासको लागि वातावरण अनुकूल उपयुक्त प्रविधिको भूमिका महत्वपूर्ण देखिन्छ । यस कार्यालयबाट सञ्चालन हुने कार्यक्रममा गैर सरकारी क्षेत्रको भूमिकासँग सामजस्यता कायम गरी कृषकलाई प्राविधिक सहयोग पुर्‍याउने दृष्टिकोण राखी जिल्ला कृषि विकास कार्यालयले कार्य गरीरहेको छ । जसबाट जिल्लामा सञ्चालित कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन सहयोग सिद्ध हुनेछ ।

परम्परागत खेती पद्दतिलाई आधुनिक कृषि पद्दतिमा रुपान्तरण गरी प्रति ईकाइ जमिनमा उत्पादन र उत्पादकत्व वृद्धि गरी बहुसंख्यक कृषकहरुको जीवनस्तर उकास्न उन्नत कृषि प्रविधिको प्रचार प्रसार गर्ने उद्देश्यले यस नवलपरासी जिल्लामा कृषि विकास कार्यालयको स्थापना वि.स. २०२४ सालमा भएको हो । त्यस भन्दा पहिले तत्कालीन प्रमुख जिल्ला अधिकारीको कार्यालय अन्तर्गत कृषि इकाई राखी कृषि तथा पशु सम्बन्धी प्राविधिक सेवा कृषकहरुलाई प्रदान गर्ने गरिएको थियो । देशको



अधिकांश जनतालाई आश्रय दिने र अर्थतन्त्रको मेरुदण्डको रूपमा अग्रणी भूमिका खेल्दै आएको कृषि क्षेत्रको विकास नभएसम्म बहुसंख्यक जनताको जीवनस्तरमा सुधार ल्याउन नसकिने तथ्यलाई मनन् गरी नेपाल सरकारको कृषि नीति अनुरुप यस कार्यालयले कृषि प्रसारका विविध कार्यक्रमहरु कृषक समुह मार्फत सञ्चालन गर्दै आएको छ । जिल्लाका कृषकहरुलाई सेवा पुर्‍याउन सदरमुकाममा जिल्ला कृषि विकास कार्यालय र जिल्लाभरमा ४ वटा कृषि सेवा केन्द्र सेवारत रहेका छन् । साथै आवश्यकता र जनसंख्याको चाप हेरेर थप ६ ठाउँमा कृषि सम्पर्क केन्द्र स्थापना गरी कृषि सेवा पुर्‍याउने कार्य हुँदै आएको छ । नेपाल सरकारको नीति अनूरुप विगत वर्षहरुमा झै यस कार्यालयको संस्थागत संरचना र कार्यक्रम कार्यान्वयन प्रक्रियामा पटक पटक परिवर्तन भएका छन् । कार्यक्रमलाई प्रभावकारी एवं दीगो रुपमा सञ्चालन गर्न गराउन आ.व.२०५४/०५५ देखि नेपाल सरकारले २० वर्षे दीर्घकालीन कृषि योजना लागु गरेको छ भने सोही योजनालाई केन्द्र विन्दु मानी राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ जस्ता नीतिहरुले कृषिको व्यवसायीकरणमा थप जोड दिएको पाइन्छ । तद्अनुरुप कृषिको व्यवसायीकरण गर्न कार्यक्रम सञ्चालन गर्दा विगतमा झै कार्यक्रमहरुलाई विभिन्न क्षेत्रमा छरिन नदिई कृषकहरुको माग, प्राविधिक सम्भाव्यता र तुलनात्मक लाभ तथा उपलव्ध पूर्वाधारको आधारमा विभिन्न बाली विशेषको पकेट क्षेत्र र कृयाकलापहरु पहिचान गरी सहभागितात्मक तथा समन्वयात्मक कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

**कृषि विकासको कार्य नीति :**

- भू-पर्यावरणीय अनुकूलता, प्राविधिक-सामाजिक-आर्थिक सम्भाव्यता, तुलनात्मक लाभ र उपलव्ध पूर्वाधार तथा श्रोत साधनहरुको आधारमा उत्पादन क्षेत्रलाई पकेट क्षेत्रहरुको रूपमा पहिचान गरी आयोजनागत रूपमा खाद्यान्न बाली, नगदे बाली, फलफुल तथा तरकारीबाली, तथा मौरीपालन जस्ता कृषि व्यवसायहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न समन्वयात्मक रूपमा कार्यक्रमहरु कृषक समूह मार्फत सञ्चालन गर्ने ।
- कृषि अनूसन्धानबाट सिफारिस भएका स्थानीय माटो सुहाउँदो प्रविधि कृषकस्तरमा पुर्‍याउने ।
- कृषि उत्पादनको लागि आवश्यक पर्ने बीउ विजन, विरुवा आदि आपूर्ति गर्न स्थानीय स्तरमा बीउ बृद्धि कार्यक्रम, नर्सरी स्थापना तथा श्रोत केन्द्र स्थापना गर्न प्राथमिकता दिने र उल्लेखित सामग्री आपूर्ति गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- छनौट गरिएका पकेट क्षेत्रमा पकेट प्याकेज कार्यक्रम सञ्चालन गर्ने र आगामी वर्षहरुमा क्रमशः व्यवसायिक प्याकेजमा विस्तार गर्दै लैजाने दृष्टिले कार्यक्रम सञ्चालन गर्ने ।
- सघन एवं व्यावसायिक कार्यक्रम मार्फत समेट्न नसकिने स-साना समूहहरुको लागि गरिबी निवारण कार्यक्रम सञ्चालन गर्ने । यस्ता कार्यक्रम सञ्चालन गर्दा महिला सहभागिता तथा आयआर्जन हुने कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

- पहिचान गरिएका पकेटहरुमा कृषक समूहको सहभागितामा आयोजनागत अवधारणा अपनाई कृषि कार्यक्रमहरु तर्जुमा गर्ने र कार्यान्वयन गर्ने ।
- बढी मोल जाने कृषि वस्तुहरु च्याउ, फलफूल, तरकारी, आलु बीउ आदिको उत्पादन बृद्धि गर्न प्राथमिकता प्राप्त पकेट प्याकेज कार्यक्रम सञ्चालन गर्ने र आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न कृषि व्यवसायीलाई बढावा दिँदै व्यवसायीकरण गर्ने ।
- कृषि कार्यमा महिलाको प्रमुख भूमिका हुने भएकाले महिला संलग्नतालाई महिला कृषक समूह मार्फत प्रभावकारी गराउने ।
- कृषक समुहलाई अन्ततोगत्वा सहकारीमा परिणत गर्दै जाने ।
- खाद्य सुरक्षालाई दृष्टिगत गरी परापूर्व कालदेखि लगाउँदै आएका ओल जस्ता बालीहरुको प्रवर्द्धन गर्ने ।
- निजी क्षेत्रका साझेदार संस्थाहरुसँगको कृषि ज्ञानलाई समन्वय गर्दै लैजाने ।

**कृषि क्षेत्रमा हाम्रा प्राथमिकता :**

- व्यवसायिक च्याउ उत्पादन आयोजना पकेट क्षेत्र : पर्सौनी, रामनगर, रामग्राम, जमुनिया, रुपौलिया, कुश्मा
- व्यवसायिक अदुवा विकास कार्यक्रम पकेट क्षेत्र: मिथुकरम, नरम, धौवादी, रतनपुर, अर्खला ।
- व्यवसायिक तरकारी खेती पकेट क्षेत्रहरु : कुमारवर्ती, अग्यौली, देवगाउ, गेर्मी, जमुनिया, रामग्राम, तिलकपुर, स्वाठी, अम्रौट, कुश्मा, सुनवल, देउराली, दाउन्नेदेवी, दुम्किवास ।
- आत्मनिर्भर उन्मूख व्यवसायिक मौरी विकास कार्यक्रम पकेटहरु क्षेत्र: गैडाकोट, देवचुली, प्रगतिनगर, तिलकपुर ।
- व्यावसायिक सुन्तला विकास कार्यक्रम पकेट क्षेत्र: जौवारी, डाँडाझेरी ।
- मत्स्यपालन माध्यमबाट कृषक आय वढाउने हालका पकेटहरु : अग्यौली, कुमारवर्ती, अर्म्रौट, बंजरिया, जहदा, कुश्मा, पाल्ही, नर्सही, प्रगतिनगर, कोल्हुवा ।
- खाद्यान्न बीउ उत्पादन आयोजना पकेट क्षेत्र: जहदा, बटहरादूबौलिया, रामपुरखडौना, रामग्राम, मनरी, गैंडाकोट, रजहर, प्रगतिनगर, पिठौली, रतनपुर, तम्सरिया ।
- व्यवसायिक आलु विकास आयोजना पकेट क्षेत्र: वंजरिया, मुकुन्दपुर ।

आगामी वर्ष खाद्यान्नवाली, तरकारीवाली र मत्स्यपालनलाई जिल्ला आत्मनिर्भर वनाउने किसिमवाट कृषि कार्यक्रम सञ्चालन हुनेछन ।

❁❁❁




# सहकारीबाट पशुपालन क्षेत्रमा भएका लगानी र उपलब्धीहरू

✍ धनप्रसाद पौडेल
कार्यक्रम संयोजक, स्वाबलम्बी समुहहरू तथा महिला सहकारी प्रर्बद्धन कार्यक्रम, सहमति, बाग्लुङ्ग



पशुपालन व्यवसाय नेपालको ग्रामीण अर्थतन्त्रको प्रमूख हिस्साको रूपमा योगदान पुऱ्याउँदै आइरहेको क्षेत्र हो । कुल कृषि ग्राहस्थ उत्पादनमध्ये करिब २६ % योगदान गर्ने यस क्षेत्रले ग्रामीण क्षेत्रको गरिबी न्यूनिकरण गर्नका लागि अहम भूमिका खेलेको पाइन्छ । विशेषत: शहरी क्षेत्रको मुद्दालाई आर्कषित गर्न पशुपालनको मूख्य भूमिका रहेको छ र साथसाथै ग्रामीण क्षेत्रको आयस्तरमा टेवा पुऱ्याउन महत्वपूर्ण सहयोग गरेको छ ।

वित्तीय क्षेत्रमा १८ % योगदान दिएको सहकारीले मुख्यतया ठाउँ विशेष अनुसार छरिएर रहेका नेपाली दाजुभाई तथा दिदिबहिनीहरूलाई एउटै सुत्रमा बाँधी उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा थप बल प्रदान गरिरहेको छ । सहकारी संस्थाहरूमध्ये १६ % सहकारी पश्चिमाञ्चल विकास क्षेत्रमा छन् भने सबैभन्दा धेरै मध्यमाञ्चल विकास क्षेत्र (४९ %) र थोरै सुदुर पश्चिमाञ्चल विकास क्षेत्र (६ %) रहेका छन् । बाग्लुङ्ग र म्याग्दी जिल्लामा मात्र २०७१ आषाढ महिनासम्म क्रमश: ३८२ र १८२ वटा विभिन्न क्षेत्रका सहकारीहरूले वित्तीय सेवा प्रदान गर्दै आइरहेका छन् । सोही परिकल्पना बोकी बाग्लुङ्ग जिल्लाको ११ वटा गाविस र त्यसैगरी म्याग्दी जिल्लाको ७ वटा गाविसहरूमा सहमति संस्थाले प्लान नेपालको साझेदारीमा सहकारी संस्थाहरूको क्षमता विकासका साथै आयस्तर बृद्धिका लागि पनि विशेष पहल गरिरहेको छ । सन् २०१४ अन्तसम्ममा करिव ५ करोड कारोबार गरिरहेका उक्त सहकारीहरूमा दश हजार भन्दा माथि शेयर सदस्यहरू रहेका छन् । प्रमुख लगानीका क्षेत्रहरू कृषि, पशुपालन, व्यापार, व्यवसाय, शिक्षा, स्वास्थ्य, घरायसी प्रयोजन आदि रहेका छन् । करिब ३,६०० ऋणीहरूमध्ये १,९०० जति शेयर सदस्यहरूले कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गरेका छन् । उक्त लगानी विशेषगरी बाखापालन, कुखुरापालन, गाईभैसीपालन, बंगुरपालन आदिमा लगानी भइरहेको विभिन्न संस्थाहरूको प्रगति विवरणमा उल्लेख भएको पाइन्छ । संस्थाबाट ऋण लिइसकेपछि शेयर सदस्यहरूले गोठ निर्माण, पशुपंक्षी खरिद, आहारा खरिद आदिमा खर्च गर्ने गरेको प्रवर्द्धन गरिएका सहकारी संस्थाले विभिन्न छलफल तथा अन्र्तक्रिया कार्यक्रममा व्यक्त गर्दै आइरहेका छन् । सहकारी संस्थाबाट ऋण लिएपछि शेयर सदस्यहरूले पर्याप्त मात्रामा आयआर्जन गर्दै आफ्नो आर्थिक स्थिति सुधार गर्दै रहेको विभिन्न चरणका फिल्ड अनुगमनले पनि प्रष्ट पार्दछ । हालसम्मका तथ्याङ्क केलाएर हेर्दा करिब १२०० जना शेयर सदस्यहरूले प्रत्यक्ष रूपमा पशुपालन क्षेत्रमा लगानी गरिरहेको पाइन्छ । सो कारणले गर्दा औषतमा रू. ४०,००० प्रति घरधुरीले प्रति वर्ष यस क्षेत्रबाट मुनाफा लिँदै आईरहेको देखिन्छ । यति मात्र नभई पशुपालन व्यवसायले प्रति घरधुरी औषतमा एक जनालाई रोजगारी समेत दिँदै आइरहेको छ । सहकारीबाटै ऋण लगी बाखापालन व्यवसाय शुरू गरेका हटियाकी मीना सुनारले पनि बाखापालन गर्ने उनीहरूको सोचलाई सहकारीले पूरा गर्न सहयोग मिलेको बताउँछिन् । विकशित देशको तुलनामा नेपालमा दुध, मासु तथा फलफुलको उपयोग कमी

*(बाँकी ११ पेजमा)*

# जिल्ला कृषि विकास कार्यालय बाग्लुङ्गको उद्देश्य, प्राथमिकता, कार्यनीति तथा कार्यक्रमहरू

✍ विनोद हमाल
वरिष्ठ कृषि विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय, बाग्लुङ्ग

कृषिलाई नै मुख्य पेशाको रूपमा अङ्गालेको बाग्लुङ्ग जिल्लाका कृषकहरूलाई आधुनिक र उन्नत कृषि प्रविधि उपलब्ध गराई बहुसंख्यक कृषकहरूको जीवनस्तर माथि उठाउने अभिप्रायले यस जिल्लाको सदरमुकाम बाग्लुङ बजारमा वि.सं. २०२७ साल आश्विन १ गतेका दिन जिल्ला कृषि विकास कार्यालयको स्थापना भएको हो । यस कार्यालयको स्थापना कालदेखि सरकारको कृषि नीति अनुरूप नै यस कार्यालयले जिल्लाका कृषकहरूलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सेवा प्रदान गर्दै आएको छ । कृषि विभागको नयाँ संरचना अनुसार कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न ६ वटा कृषि सेवाकेन्द्रहरू र ३ वटा कृषि सम्पर्क स्थलको स्थापना गरेको छ । साथै यस कार्यालयमा रहेका बाली तथा कृषि प्रसार, वागवानी, वाली संरक्षण, योजना तथा मूल्याङ्कन शाखामार्फत कृषि गतिविधि र कार्यक्रमहरूलाई सेवामूलक र गतिशिलता प्रदान गर्दै आएको छ ।

बाग्लुङ्ग जिल्ला हावापानी तथा भू-धरातलीय हिसाबबाट विविधतायुक्त पहाडी जिल्ला हो । समुन्द्री सतहबाट ६०० मीटर उचाई देखि करिब ४,६९० मिटरसम्मको स्थानहरू रहेको हुँदा कृषि क्षेत्रको निकै ठूलो सम्भावना रहेको पाइन्छ । खर्वाङ, जैदी जस्ता औलक्षेत्रको हावापानीयुक्त स्थानदेखी संसारकोट धुरी, गाजा दहको धुरी, घोडाबाधेको धुरी, शिवधुरी हुँदै विशिष्ट ठण्डी हावापानीयुक्त ढोरपाटन जस्ता क्षेत्रहरूको उपस्थितीले गर्दा बाग्लङ्ग जिल्ला विविधतायुक्त कृषि उत्पादनको लागि निकै धनी जिल्लाको रूपमा रहेको छ । त्यसैगरी विगतमा सम्पन्न भएका ठूला ठूला सिञ्चाई आयोजना, विभिन्न संघ संस्थाहरूको उपस्थिति र बिजुली तथा यातायातको तुलनात्मक रूपमा राम्रो सुविधा भएको हुँदा कृषि क्षेत्रको उच्च विकासको लागि यो जिल्ला मलिलो जिल्लाको रूपमा रहेको देखिन्छ । हाल जिल्लाको कूल क्षेत्रफल मध्ये ४६, १४८ हेक्टर (२५ %) क्षेत्रफल खेती योग्य भएपनि ३०,४७६ हेक्टर (६६ %) मा मात्र खेती हुन सकेको छ । कृषिको यत्रो ठूलो सम्भावना हुँदाहुँदै पनि जिल्लामा कृषि क्षेत्रको समुचित विकास हुन सकेको छैन । जिल्ला खाद्यान्न तथा तरकारी, फलफूल जस्ता उत्पादनमा अझै परनिर्भर भएर बस्नु पर्ने बाध्यता रहेको छ । आ.ब.०६९/७० को प्रतिवेदन अनुसार जिल्लाको खाद्यान्न बासलात करिव १६९७ मे.टन. ले न्यून छ । कृषि विकासले भने जस्तो गति नलिनुमा कृषि विकासका भइरहेका प्रयासहरू एकीकृत रूपमा नभई छरपष्ट रूपमा हुनु, कृषि क्षेत्रको लागि आउने बजेट साह्रै न्यून रहनु, कृषि मजदूरहरूको बिदेश पलायन हुने क्रम बढ्नु तथा कृषि सम्बन्धी उद्यम तथा बजारको उचित विकास हुन नसक्नु रहेको छ । तसर्थ खाद्य पोषण सुरक्षाको अवधारणा र सहस्राब्दी विकास लक्ष्य अनुरूप दीर्घकालीन कृषि योजना र राष्ट्रिय कृषि नीतिलाई कृषि विकासका लागि मूल नीतिको रूपमा अङ्गिकार गरी यस बाग्लुङ्ग जिल्लामा कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यावसायिकरण गरी दीर्घकालीन कृषि विकासको माध्यमबाट जिल्लाको सर्वाङ्गिण विकासका लागि निम्न उद्देश्य र रणनीति तय गरिएको छ ।

**दृष्टिकोण**

निर्वाहमूखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याई जिल्लालाई समुन्नत र समृद्ध बनाउने जिल्ला कृषि विकास कार्यालय, बाग्लुङ्गको दीर्घकालीन दृष्टिकोण रहेको छ ।

**उद्देश्य**



**अ) दीर्घकालीन**

क) दिगो कृषि विकास र वातावरण संरक्षण बीच सन्तुलन कायम राख्दै खाद्यान्न, दलहन, तेलहन, ताजा तरकारी, तरकारी बीउ, नगदेबाली जस्तै मसला बाली, च्याउ खेती तथा मौरीपालन जस्ता आय तथा रोजगारीमूलक व्यवसायहरूको उत्पादकत्वमा परिमाणात्मक एवं गुणात्मक वृद्धि गरी ग्रामीण जनताको आर्थिक स्तर सुधार्ने ।

ख) व्यवसायिक तथा प्रतिस्पर्धामक कृषि प्रणालीको विकास गर्दै खाद्य तथा पोषण सुरक्षा सुनिश्चितासंगै रोजगारी सिर्जना र गरीबी न्यूनीकरण तथा व्यापार सन्तुलनमा कृषि क्षेत्रको योगदान बढाउने ।

**आ) अल्पकालीन**

क) खाद्यान्न, तरकारी तथा नगदे बाली व्यवस्थापनमा कृषि अनुसन्धानबाट सिफारिस उन्नत प्रविधिको समुचित प्रयोग गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न कृषकहरूलाई उत्प्रेरित गर्ने ।

ख) स्थानीय श्रोत तथा साधनको अधिकतम परिचालन तथा उपयोग गर्दै आयमूलक तथा उत्पादनशिल प्रविधिहरू र आवश्यकता अनुसार तालिम, उत्पादन सामाग्री, कृषि ऋण, बजार व्यवस्थाको लागि समन्वयात्मक प्रयास अगाडि बढाउने ।

ग) कृषि प्रसार कार्यक्रम र कृषि पेशालाई मर्यादित र दीगो बनाउन कृषि विकास कार्यक्रम कृषक समूह मार्फत सञ्चालन गर्ने र समूहलाई क्रमश : सहकारीमा परिणत हुन प्रेरित गर्ने ।

घ) कृषि उत्पादन र बातावरण संरक्षणमा सहयोग पुग्ने कार्यक्रमहरू संचालन गर्ने ।

**रणनीति**

दिर्घकालीन कृषि योजना (APP) को मर्म र भावना अनुरूप जिल्लाको भौगोलिक विविधता, स्थानीय सम्भाव्यता, उपलब्ध श्रोत तथा साधन र तुलनात्मक लाभका आधारमा बाली बस्तु विशेषका पकेट क्षेत्रहरू पहिचान गरेर निर्धारित पकेट क्षेत्रहरूमा पकेट प्याकेज अवधारणा अनुसार बाली बस्तु विशेषका कार्यक्रमहरू आयोजनागत रूपमा सञ्चाालन गरी कृषि उत्पादन सामाग्री, प्राविधिक सेवा, सिञ्चाइ, ग्रामीण विद्युतिकरण, कृषि सडक, बजार जस्ता पक्षहरू सम्बन्धित लाइन एजेन्सीहरूसँग समन्वय राखी एकीकृत रूपमा आपूर्ती गर्दै कृषि प्रसारका कार्यक्रमहरू सञ्चालन गर्ने सोच सँगै दीर्घकालीन कृषि दृष्टिकोण पूरा गर्न निम्न रणनीतिहरू अवलम्वन गर्नेछ ।

- पकेट प्याकेज कार्यक्रम सञ्चालन र व्यवसायिक कृषि विकास क्षेत्रको विकास
- उच्च मूल्यवान बाली तथा बस्तुहरूको विकास विस्तारमा जोड
- विकेन्द्रिकरणको भावनाअनुसार कृषि सेवालाई स्थानीयस्तरमा संस्थागत गर्दै लैजाने
- समावेशीमूलक सहभागिताबाट कृषि विकास योजना तर्जुमा
- करार तथा साझेदारीमा कार्यक्रम सञ्चालन
- उन्नत तथा स्थानीय माटो सुहाउँदो प्रविधिको प्रसार तथा अनुसन्धानमा टेवा
- कृषि व्यवसाय प्रबर्द्धन तथा बजार व्यवस्थामा जोड
- स्थानीयस्तरमा कृषि श्रोत केन्द्रको विकासमा टेवा
- महिला तथा पिछडिएका सीमान्तकृत वर्गलाई परिलक्षित गर्ने

- कृषक समुहलाई कृषि प्रसारको सम्वाहकको रूपमा विकास गरी सहकारीकरणतर्फ उन्मुख गराउने
- वाातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणमा सहयोगी भूमिका
- प्राङ्गारिक खेतीलाई प्रोत्साहन
- दीगो जल तथा माटो व्यवस्थापन
- जिल्लालाई बीउ बिजनमा आत्मनिर्भर गराएर खाद्य सुरक्षा सुनिश्चिततातर्फ उन्मुख गराउने
- कृषि उत्पादन सामाग्री तथा सेवाहरूको समन्वयात्मक एवम् एकीकृत आपूर्ति व्यवस्था

**कार्यनीति**

क) विभिन्न कृषिजन्य बाली विशेषका लागि पकेट क्षेत्रहरूको पहिचान गरी कृषकको चाहना, स्थानीय सम्भाव्यता तथा उपलब्ध श्रोत र साधनको आधारमा राष्ट्रिय कृषि नीति २०६१, लाई मध्यनजर राखी कृषक समूह र कृषकको सकृय सहभागीतामा जिल्लाको कार्यक्रम तर्जुमा गर्नुको साथै प्रभावकारी रूपमा कार्यान्वयन तथा अनुगमन गर्ने ।

ख) कृषि प्रसारका विभिन्न शैक्षिक पद्धतिहरू प्रर्दशन, उन्नत कीट, तालिम, भ्रमण, गोष्ठी, कृषि मेला प्रर्दशनी आदिको माध्यमबाट खाद्यान्न, दलहन, तेलहन, ताजा तरकारी, बीउ बिजन उत्पादन, नगदेबाली, मसलाबाली तथा मौरीपालनको उन्नत प्रविधि अपनाउन अभिप्रेरित गरि आवश्यक प्राविधिक सेवा पुर्‍याउने ।

ग) सफल प्रविधिहरूको प्रयोग गरी परिमाणात्मक तथा गुणात्मक उत्पादनमा वृद्धि गर्न थलोमा नै स्थलगत सैद्धान्तिक तथा व्यवहारिक तालिम दिनुका साथै अगुवा कृषकहरूलाई जिल्ला, क्षेत्रीय तथा केन्द्रीयस्तरका तालिम भ्रमण ,गोष्ठी आदिबाट कृषकहरूको प्राविधिक क्षमता तथा सीप अभिबृद्धि गर्ने ।

घ) श्रोत केन्द्रको विकास गर्न फलफूल/तरकारी नर्सरी, तरकारी/खाद्यान्नको विज वृद्धि, मौरीपालन आदि बालीहरूलाई आवश्यक पर्ने प्राविधि तथा सामाग्रीहरूको आपूर्तिमा सहयोग पुर्‍याउने ।

ङ) व्यावसायिक फलफूल तथा तरकारी खेतीतर्फ आकर्षित गर्न पकेट क्षेत्रहरूमा व्यवसायिक बगैंचा स्थापना गर्न नर्मस् अनुसार आर्थिक अनुदान तथा प्राविधिक सहयोग गर्नुका साथै गुणस्तरीय बिरूवाको आपुर्ति व्यवस्था मिलाउने ।

च) कृषि व्यवसायलाई प्रतिस्प्रधात्मकरूपमा विकास गर्न खाद्यान्न, तरकारी, फलफूल बालीहरूमा प्रतियोगिता गराई कार्यक्रम सञ्चालन गरी पुरस्कृत तथा प्रोत्साहन गर्ने ।

छ) बाली विरूवा लगाए देखि उपभोग नगर्दासम्म खेतबारीमा तथा भण्डारमा नोक्सानी पुर्‍याउने रोग , कीरा, चरा, मुसा आदिबाट हुने क्षति कम गर्न तथा उत्पादन क्षतीलाई न्यूनीकरण गर्न आवश्यक प्राविधिक सहयोगको साथै स्प्रेयर, मेटलविन आदि अनुदानमा सहयोग गर्नुका साथै स्थानीयस्तरमा नै उत्पादन गर्न आवश्यक पहल गर्ने ।

ज) बजार विकास सम्भाव्यता अध्ययन, लाभ लागत अध्ययन तथा मूल्य संकलन जस्ता कार्यक्रमको माध्यमबाट उत्पादन तथा उपभोक्ताहरूलाई उत्पादन लागत, मूल्य तथा बजार सूचनाहरू नियमित रूपमा उपलब्ध गराउनुका साथै बजारमुखी कृषि उत्पादनका तालिमहरूबाट कृषकस्तरमा बजार व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

झ) जिल्लामा कार्यरत कृषि विकाससँग सम्बन्धित सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरू तथा स्थानीय निकायहरूसँग समन्वय कायम राखी उत्पादन सामाग्री , विषादी, रासायनीक मल, तालिम, सिञ्चाई, ऋृण आदिको समयमै सुलभ तरिकाले आपूर्तिको व्यवस्था मिलाउने ।

ञ) साना सिञ्चाई कार्यक्रम तथा सहकारी खेती स्किम कार्यक्रम मार्फत सुक्खाग्रस्त क्षेत्रहरूमा वैकल्पिक सिञ्चाइको सुविधा उपलब्ध गराई तथा कृषकहरूलाई समूह तथा सहकारीमा आवद्ध गर्दै सामुहिक खेती विस्तारबाट सीमान्तकृत कृषकहरूलाई पनि आर्थिक लाभमा सहभागी गराउने ।

ट) उत्पादन सामाग्रीहरूको उचित प्रयोग गर्न तथा उत्पादन लागत कम गर्न उत्पादन सामाग्रीहरू, मेशिनरी औजारहरू आदी ढुवानी अनुदान सहितको व्यवस्थाबाट सहज र सुलभ दरमा व्यवस्था मिलाउने ।

ठ) कृषि मूल्य श्रृंखलालाई सशक्त र सक्रिय बनाउन उत्पादकदेखि उपभोक्तासम्मका सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्दै मूल्य अभिबृद्धिका गतिविधिहरू सञ्चालन गरी कृषिक्षेत्रलाई उद्योगको रूपमा विकास गर्न प्रोत्साहन गर्ने ।

ड) कृषि सेवालाई स्थानीयस्तरसम्म विकेन्द्रित गराउन गा.वि.स.स्तरमा कृषि विकास समितिको गठन गर्न आवश्यकत मद्दत पुर्‍याउने ।

ढ) विषादीको सही उपयोग गर्न र यसको नकारात्मक असरबाट बच्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

ण) प्राङ्गारिक खेतीको लागि चाहिने ज्ञान र सीप स्थानीय स्तरमा पुर्‍याई यसलाई बिस्तार गरिनेछ ।

त) कृषिक्षेत्रको उत्पादन बृद्धि गर्नका लागि निजी उद्यमी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार खेती तथा सहकारी खेतीलाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने ।

थ) कृषि बस्तुहरूको ब्यावसायिक उत्पादनथलो नजिक संकलन केन्द्र तथा थोक बजार र बाहृय क्षेत्रमा बजार सञ्जाल विकास र बिस्तार गर्ने ।

द) स्रोत तथा प्रमाणित बीउ उत्पादन गर्ने कृषक समूह तथा सहकारी संस्थाहरूलाई आवश्यक प्राविधिक तथा अनुदान सहयोग गरी गुणस्तरीय बिउ उत्पादनलाई प्राथमिकता दिने ।

ध) साना र सीमान्त कृषकलाई समूह/सहकारीमा आवद्ध गराई कम आयतन तर उच्च मूल्यका बाली/बस्तु उत्पादन गर्न प्रोत्साहन गर्ने ।

न) साना सतही सिञ्चाई र बर्षाको पानी संकलन गरी पानीको आपूर्ति अभिबृद्धि गरी बर्षभरी सिञ्चाइ सुविधा पुर्‍याउनको लागि प्लाष्टिक पोखरी, थोपा सिञ्चाई, प्लाष्टिक पाइपहरू बितरण आयोजनाहरू सञ्चालन गर्ने ।

प) तुलनात्मक लाभका आधारमा उच्च उत्पादन हुन सक्ने सम्भाव्य कृषि उपजहरूको छनौट गरी उत्पादन बृद्धिमा जोड दिने ।

**सञ्चालन गरिने मुख्य कार्यक्रमहरू र कार्यविधि**

जिल्ला कृषि विकास कार्यालय, बाग्लुङ्ग कृषि प्रसारका सम्पूर्ण कार्यक्रमहरू सञ्चालन गर्ने जिल्लाको स्थानीय निकाय हो । कृषि क्षेत्रलाई समसामयिक र परिणाममुखी बनाउन सहभागितामूलक, मितव्ययी र परिणामुखी कृषि प्रसार सेवा प्रदान गरी गरिब तथा बिपन्न बर्गमा केन्द्रित रहेर विभिन्न तह र तप्काका कृषक तथा उद्यमीहरूको आवश्यकतालाई प्राथमिकीकरणका आधारमा सम्बोधन गर्ने ध्ययले लागु भएको **नेपाल कृषि प्रसार रणनिति २०६३** लाई आफ्नो मार्गदर्शनको रूपमा आत्मसात गर्दै यस कार्यालयले आफ्नो कृषि प्रसारको कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । दीगो जीविकोपार्जनको ढाँचा अन्तर्गत रहेर कृषिको क्षमता तथा उत्पादकत्व बृद्धिका साथै कृषि प्रणालीको मूख्य सञ्जाल (उत्पादनदेखि बजार व्यवस्थासम्म) मा प्रतिस्पर्धा अभिवृद्धि गराइ गरिबी न्यूनीकरणमा टेवा पुर्‍याउने यसको रणनीतिक लक्ष्य रहेको छ । यस रणनीतिले निम्न सात क्षेत्रमा प्राथमिकता दिएको छ ।

- आय आर्जनमा बृद्धि
- खाद्य सुरक्षा बढाउने
- समता र समावेशीकरण
- कृषिको ब्यवसायिकरण
- दीगो जीविकोपार्जन
- वातावरण संरक्षण र कृषि विविधताको उपयोग
- मुल्यमा जोड र कृषि उत्पादनको गुणस्तर सुनिश्चित

# बर्तमान स्थितिमा तनहुँ जिल्लाको कृषि विकासका चुनौती र अवसरहरू

✍ कृष्णराज खनाल
बाली संरक्षण अधिकृत, जिल्ला कृषि विकास कार्यालय, तनहुँ

**कृषि विकासका अवसरहरू**

तनहुँ जिल्ला ठूलो राजमार्गले छोएको एक जिल्ला हो । जुन यस जिल्लालाई केन्द्र पारेर ७२ किलोमिटरको दूरी पार गरीरहेको छ पृथ्वीराजमार्गले । जुनसुकै कृषि पैदावारलाई उत्पादनदेखि बेचबिखन गर्न यातायातको ठूलो भूमिका रहेको हुन्छ । पूर्वमा चितवनको मुग्लिङ्ग बजारदेखि पश्चिममा कास्कीको लेखनाथ नगरपालीकासँग जोडिएको कोत्रेबजार यसका उदाहरणहरू हुन । यसै मार्गलाई आधार बनाएर अरू शाखा मार्ग पनि सञ्चालनमा छन् ।। कच्चिनै भने पनि धेरै दूरीको धुले मार्गको विकास भएको कुरा स्वीकार्नु पर्छ । दमौलीदेखि खैरेनीटार, भिमाद हुँदै कालीगण्डकीको तिरसम्म दक्षिणतर्फ लम्केको छ भने दमौली डुम्रेहुँदै लमजुङतर्फ जाने बाटो जुन पाउदी ढिक तक पुगी फेरी तनहुँलाई फेरो लगाउँदै कुन्छा र दुइपिप्लेहुँदै फेरी दमौली आइपुगेको छ । अर्को मार्ग भने सेती नदिको किनारै किनार भएर चालु हुँदैछ । यी सहायक मार्गले तनहुँ जिल्लाको मूख्य उत्पादन सुन्तला, मास, अदुवालाई बजारीकरण गर्न ठूलो योगदान पुऱ्याएको छ । यो एक अवसर हो जुन कृषकले उत्पादन गरेर बिहान सामान बजार लैजाने र बेलुका आफूलाई चाहिएको सामान बजारबाट किनी घरसम्म जान सुविधा दिइरहेका छन् ।

कृषि उत्पादनको लागि आवश्यक पूर्वाधारमा सडक, सिञ्चाई, प्राविधिक सेवा, उन्नत बिउबिजन, रसायनिक तथा गोठेमल, विद्युतिकरण, यान्त्रिकरण, आदि पर्दछन् भने प्राकृतिक विविधता पनि यसको मुख्य भूमिका पर्दछ । कृषि उत्पादनमा सडकको कुरा पछि सिञ्चाईलाई लिन सकिन्छ । तनहुँ जिल्ला साना साना खोला खोल्सी र मूल कुवा आदि प्रशस्त भएको जिल्ला हो । त्यसमा पनि ठूला सिंचाई आयोजना यस जिल्लामा सम्पन्न भइसकेका छन् जस्तै सांगेपत्यानी सिञ्चाई, गजरकोट सिञ्चाई, चुंदीबराह सिञ्चाई, सिशाघाट फाँट सिञ्चाई पर्दछन् भने जिल्ला कृषि विकास कार्यालयले वर्षेनी ४०/५० वटा भन्दा बढी साना सिंचाई आयोजना थपिरहेको छ जसबाट धेरैभन्दा धेरै कृषक लाभान्वित भई रहेका छन् । यसबाट खाद्यान्न बालीको अलावा नगदे तथा तरकारी उत्पादनमा बृद्धि र विकास भएको छ । अझ तनहुँ जिल्लामा ठूला नदी सेती र मादी बिच भागबाट बगेकाले कृषकहरू विद्युत सुविधाको कृषि मिटर माग गरी लिफ्ट सिञ्चाईमा बढावा दिइ रहेको पाइन्छ भने यसै वर्षदेखि शुरू हुन लागेको तनहुँ सेती विद्युत आयोजनाबाट पनि केहि गाउँ विकास क्षेत्रका कृषकहरू सिञ्चाईमा सुविधा थपिएला भन्ने आशामा रहेका छन् ।

प्राविधिक सेवा कृषि विकासको अर्को महत्वपूर्ण पाटो हो । यसै वर्षदेखि दुई वटा कृषि सेवा केन्द्रमा अधिकृतस्तरको सेवा थपी सेवा उपलब्ध गरिएको छ भने सूचनाको सुविधा कृषकस्तरसम्म पुगोस् भन्ने हेतुले नि:शुल्क फोन सुविधाको पनि गत सालबाटै शुरू गरिसकेको छ । यसबाट कृषकहरूले घर बसि कृषि सम्बन्धी जानकारी लिन सक्नेछन् । त्यस्तै उन्नत बीउ बिजनको लागि कृषकहरूको माग अनुसार मूल बीउ, प्रमाणित प्रथम पुस्ता र दोश्रो पुस्ताको (विजबृद्धि उत्पादन गर्न) जिल्लाले आवश्यकता अनुसार अनुदान सहुलियतमा वितरण गरिरहेको छ भने वर्णशंकरतर्फ पनि लम्कन केहि अनुदान सहुलियत दिएर वितरण गरिरहेको छ ।



रसायनिक मलको लागि जिल्लास्थित कृषि सामाग्री संस्थानबाट गाउँगाउँका डिलरमार्फत बिक्री वितरणको व्यबस्था मिलाइएको छ भने बढ्दो नाइट्रोजनको आवश्यकतालाई पूर्ति गर्न सालिन्दा दुई तिनसय भन्दा बढी कृषकको भकारो सुधार गरी गोठमा चुहिएर गएको गहुँत तथा गोबरलाई नोक्सान हुनबाट जोगाउने कार्य पनि भइरहेको छ । यसै वर्षबाट तनहुँ जिल्लाको माटोको डिजिटल नक्सा बनाउने काम पनि थालिएको छ । जसबाट कुन स्थानको माटो कस्तो रहेछ यसलाई कसरी सुधार्न सकिन्छ भन्ने जानकारीको सूचना प्राप्त गरी कृषक लाभान्वित हुनेछन् । कृषिमा बिमाको लहर आउनु र यसमा ठूलो परिमाणमा अनुदान दिइनु पनि एक अवसर हो ।

कृषिमा यान्त्रिकरण पनि कृषि विकासको एक पाटो हो । प्रत्येक वर्ष साना तथा ठूला ट्रयाक्टर किन्ने कृषक बढिरहेका छन् भने साना हाते ट्रयाक्टरलाई कृषि विकास कार्यालयले अनुदान सहुलियतमा बितरण गरी रहेको छ । यसबाट गोरू पाल्न नसक्ने कृषकलाई फाइदा पुग्न गएको छ । युवा लक्षित कार्यक्रम आउनु पनि एक अबसर हो । यसबाट केहि युवा बिदेशिनुबाट रोकिई कृषिमा विकास हुनेछ । अन्त्यमा तनहुँ जिल्ला बेशी खोच तथा लेक भएको जिल्ला भएकोले यस स्थानमा बाह्रैमहिना विभिन्न किसिमका च्याउ उत्पादन गर्न सकिने बलियो सम्भावना रहेको देखिन्छ । यी त भए कृषि विकासका अवसरहरू भने अब लागौं केहि चुनौती तर्फ ।

- बालीमा रोग कीराको बृद्धि हुनु ।
- कृषि सडक स्तरोन्नती हुन नसकी यातायातमा महँगो भाडा लाग्नु साथै कृषि प्राविधिक सडकको अवस्थाले गर्दा छिटो छरितो सेवा दिन असमर्थ हुनु ।
- बढ्दो लोडसेडिङ्गले गर्दा लिफ्ट सिञ्चाई भरपर्दो हुन नसक्नु ।
- दूरसञ्चारको गुणस्तर सेवामा कमि र पैसा नलाग्ने फोन प्रभावकारी हुन नसक्दा कृषक सूचनाको हकबाट बन्चित हुनु ।
- रसायनिक मल भने बेलामा आवश्यक मात्रामा उपलब्ध नहुनु । भकारो सुधार कार्यक्रममा कृषकको अपनत्व नदेखिनु ।
- कृषि यान्त्रिकरणको नाममा आएका साना हाते ट्रयाक्टरको प्रभावकारीतामा कमि देखिनु र ठूला तथा मझौला ट्रयाक्टरमा अनुदानको व्यवस्था नहुनु
- मौषम परिवर्तन पनि एक चुनौती भई असिना पानीको मारमा कृषक पर्नु ।
- कृषि विमा प्रभावकारी तथा छिटो छरितो अझै हुन नसक्नु ।
- बजारीकरणमा राम्रो प्याकेजीङ्ग, ग्रेडिङ्गको अवधारणा अझै अबलम्बन गर्न नसक्दा कृषक पछि पर्नु ।
- शिक्षित युवा बिदेशिने क्रम नरोकिदा गाउँमा काम गर्ने कृषकको अभाव हुनु ।
- युवा लक्षित कार्यक्रम लादिएको तरिकाले ल्याइनु । पशुपालनमा ठूलो लगानी नगरिनु आदि ।

❁❁❁

# सिन्धुली जिल्लामा खाद्य सुरक्षाको अवस्था र सहकारीको भूमिका

✍ देवराज अधिकारी
बाली संरक्षण अधिकृत, जिल्ला कृषि विकास कार्यालय, सिन्धुली



**सिन्धुली जिल्ला**

सिन्धुली नेपालको एक जिल्ला भए पनि जिल्लाको अधिक क्षेत्रफल भित्री मधेसको भुगोलसँग मेल खान्छ । यो जिल्ला विश्व मानचित्रमा २६°५५' देखि २७°२२' उत्तरी अक्षांश र ८५°१५' देखि ८६°२५' पूर्वी देशान्तरमा अवस्थित छ । सबैभन्दा धेरै दश जिल्लाहरुसँग सिमाना जोडिएको सिन्धुली जिल्ला चुरे, भित्री मधेशको समथर उर्वराभूमीदेखि संवेदनशील शिवालिक (चुरे) पर्वत हुँदै उच्च महाभारत श्रृंखलासम्म फैलिएको छ । सिन्धुली जिल्लाको क्षेत्रफल २,४९१ वर्ग कि.मि. छ भने समुद्री सतहबाट करिव १९७ मि. उचाईदेखि लिएर करिव २७०० मि. उचाई सम्मको स्थानहरु यस जिल्लामा छन् । तल्लो तहका दक्षिणी भेगको चुरे क्षेत्रमा उष्ण प्रदेशीय वालीनालीहरु जस्तै धान, मकै, गहूँ, तोरी, दलहन, तरकारी, फलफूलहरु आदि उत्पादन हुन्छ । महाभारत क्षेत्रमा सुन्तलाजात फलफूलहरु, बेमौसमी तरकारी खेतीपाती तथा पशुजन्य उत्पादन भैरहेको छ । यस प्रकारको विविधतापूर्ण भौगोलिक भू-बनावट र हावापानीभित्र सामाजिक, आर्थिक, सांस्कृतिक तथा जैविक विविधताहरु पनि त्यति नै मात्रामा रहेका छन । सूक्ष्म हावापानीको प्रभाव यस जिल्लामा परेको छ । जिल्लाको यस प्रकारको भौगोलिक विविधताले गर्दा विविध बालीनालीहरुको उत्पादनको संभावना पनि त्यतिकै छ । यसको तुलनात्मक लाभ बिचार गरी व्यवसायिकतामा जानुपर्ने आवश्यकता छ ।

**जिल्लाको कृषिगत वस्तुस्थिति र खाद्य सुरक्षाको अवस्था:**

जिल्लाको कृषिगत वस्तुस्थितीलाई नियाल्दा कुल क्षेत्रफलको २५.३१ % भुभाग खेतियोग्य जमिन रहेकोमा ८० % क्षेत्रमा मात्र खेतीपाती भइरहेको अवस्था छ । खेती भइरहेका जमिनमध्ये मौसमी र बर्षै भरी गरेर ३० % जमिनमा मात्र सिञ्चाई सुविधा उपलब्ध छ । यसर्थ सिञ्चाई तथा अन्य पूर्वाधार विकास हुन जरुरी छ । कूल खेती गरिने क्षेत्रफलको हिसावले सिन्धुली जिल्लामा मकै मूख्य स्थानमा रहेको छ । खाद्यान्न वासलातको तथ्यांक हेर्दा जिल्ला खाद्य सन्तुलनमा सकरात्मक रहेको छ । तथापी, भौगोलिक बिकटताले बितरण प्रणालीमा फरकपना पाइन्छ । नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीका अनुसार खाद्य सुरक्षाको आयामहरु: उपलब्धता, पहुँच, उपयोगिता र स्थिरता आदीको सुचकहरु विश्लेषण गर्दा जिल्ला न्यूनतम खाद्य असुरक्षित अवस्थामा छ । जिल्लाको कमलाखोँच, मरिनबेल्ट, सुनकोशी गढतीर, तिनपाटन लगायत क्षेत्रमा उत्पादनशील फाँटहरु रहेका छन् । यस जिल्लामा ७० प्रतिशत मानिसहरुको मूख्य पेशा कृषिमा आश्रित रहेको छ । जिल्लाको बिचोबिच रहेको बि.पि राजमार्ग र निर्माणाधिन पुष्पलाल मध्यपहाडी राजमार्ग लगायतका स्थानीय सडकहरुले हालका वर्षहरुमा जिल्लाको समग्र विकासको अवसर र सम्भावनालाई अझ फराकिलो बनाएको छ । यसले आर्थिक सामाजिक गतिबिधिहरु पनि बढेको छ । यस्तै सडक सन्जाल र अन्य पूर्वाधारहरु खडा हुन सके विकासको संभावना अझ विस्तार हुनेछ ।

कुनै पनि जिल्लाको विकासका लागि स्थानीय संभावनाको खोजी र विस्तार हुन जरुरी हुन्छ । सिन्धुली जिल्लाको विकासका बिभिन्न पक्षहरुमध्ये कृषि जन्य उत्पादनको भूमिका प्रमुख छ । जिल्ला परम्परागत खेती पद्धतीबाट कृषि रुपान्तरणको अवस्थामा रहेको छ । यसका लागि व्यवसायिक कृषि र खेतीपातीमा आधुनिकीकरण हुन जरुरी छ । जिल्लाको स्थानीय संभावनाहरुलाई मध्यनजर राख्दै कृषि जन्य उत्पादनहरु/कार्यक्रमहरु जुनार, ताजा तरकारी (मौसमी तथा बेमौसमी), अदुवा (मसला बाली), खाद्यान्न बिज बृद्धि, र मौरीपालनलाई प्राथमिकतामा चयन गरी साथै अन्य स्थानीय संभावना अनुरुप व्यवसायिकताका लागि कृयाकलापहरु संचालन भैरहेका छन् । जसको नेतृत्व जिल्ला कृषि विकास कार्यालयले गरेको छ, साथमा अन्य सरोकारवाला निकायहरु, कृषक समूह/सहकारीहरु लागि परेका छन् । सिन्धुलीको जुनारले जिल्लाकै परिचय दिलाएको छ । स्थानीय उत्पादनहरु: सिन्धुलीमाढीको भुईकटहर, कमला खोचँको चामल, चपौली/झागाँझोलीको तरकारी/आलु प्रख्यात छन् । त्यस्तै गरि पुर्वी भेग अरुणठाकुर, ककुरठाकुर, दुधौली, लाम्पान्टार, साथै भद्रकाली गा.वि.स.हरुमा अदुवा खेतीहरू पश्चिमी भेग पिपलमाढी, क्यानेश्वर क्षेत्रमा बेसार खेती भैरहकेको छ । जिल्लामा व्यवसायिक बाख्रापालन, महाभारत क्षेत्रमा अम्रिसो खेती आयआर्जनकौ माध्यम भएको छ । जिल्लाको उत्तरी भेग सुनकोशी गढतिरको सुख्खा क्षेत्रमा सुनकोशी नदीको पानी तानेर सिंचाई गरी व्यवसायिक खेतीपाती हुन सक्ने सम्भावना रहेको छ ।

**जिल्लाका सहकारी र खाद्य सुरक्षामा भूमिका:**

सहकारी आफ्ना सदस्यहरुको सहकार्यमा आपसी सामाजिक, आर्थिक विकासका लागि संगठित रुप हो । सहकारीको विभिन्न उद्देश्यहरु मध्ये कृषि क्षेत्रको उन्नयनका लागि गठित र संचालनमा समेत रहेको पाइन्छ । डिभिजन सहकारी कार्यालय, जनकपुरका अनुसार सिन्धुली जिल्लामा जम्माजम्मी ४८०को संख्यामा सहकारी संस्थाहरु रहेका छन् । ति मध्ये सबैभन्दा धेरै कृषि क्षेत्रका सहकारीहरु छन् त्यस्तै बचत ऋण सहकारी, दुग्ध सहकारी, उपभोक्ता सहकारी, विद्युत् सहकारी, जडिबुटि सहकारी, सूचना संचार सहकारी, जुनार सहकारी, तरकारी फलफूल सहकारी, मौरीपालन सहकारी, पशुपालन सहकारी, लघुउद्यम सहकारी आदी रहेका छन् ।

समग्र नेपालमा जस्तै सिन्धुली जिल्लाका अधिकांश कृषकहरुको प्रति परिवार जग्गा क्षेत्रफल १ हेक्टर भन्दा कम रहेको परिप्रेक्ष्यमा व्यवसायिक रुपमा बजारमुखी परिणात्मक उत्पादनका लागि संगोलमा खेती वा सहकारीमा आबद्ध भई उत्पादनमा लाग्नु पर्ने आवश्यकता रहेको छ । कृषिको विकासका विभिन्न समस्याहरु मध्ये पुँजीको लगानीमा कमी एक रहेको अवस्थामा जिल्लामा रहेका सहकारीहरुमा संकलित रकमलाई कृषिजन्य उत्पादक क्षेत्रमा लगाउनु सार्न्दभिक हुन्छ । यसो त सिन्धुलीका सहकारीहरुमा साढे ५८ करोड निक्षेप संकलन भएको पाइन्छ, तापनी कृषि क्षेत्रमा लगानी प्रर्याप्त छैन ।

नेपाल सरकारले विकासको तिनखम्बे नीति लिएकोमा सहकारीलाई एक खम्बाको रुपमा लिइएको छ । हाम्रो जस्तो विकासोन्मुख मुलुक जस्को आर्थिक बृद्धि दर न्यून रहेको छ, त्यहाँ सहकारी संस्थाहरुको भूमिका महत्वपुर्ण रहेको हुन्छ । कृषि तथा अन्य कृषि जन्य उत्पादनका शिर्षकका सहकारीहरु जिल्लाको बिभिन्न स्थानमा छरिएर रहेका छन् । यसरी गाउँ गाउँमा रहेका सहकारीहरु उत्पादनमूलक कृयाकलापहरुमा केन्द्रित हुन जरुरी छ । स्थानीय स्थानमा विभिन्न उत्पादनहरु भित्रिरहने र उक्त स्थानबाट कुनै उत्पादन तथा सेवाहरु नबाहिरिने परिप्रेक्ष्यमा व्यापार घाटा बृद्धि भई सो स्थानको विकास हुन सक्दैन । स्थानीय संभावना अनुरुप व्यवसायिक उत्पादन गरी आयआर्जनमा टेवा पुर्‍याउन सहकारी संस्थाहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

सहकारी ऐन २०४८ लागु भए पश्चात् सहकारीको विस्तार द्रुत गतिमा भएको पाइन्छ । सहकारीको मूल्य, मान्यता र सिद्धान्तहरु अनुसार व्यवहारिक रूपमा सञ्चालन

*(बाँकी ९ पेजमा)*

# रासायनिक खेतीको विकल्प लिजा (LEISA) प्रविधि

✍ अम्बिका प्रसाद पौडेल
कृषि/फिल्ड संयोजक, ग्रामीण युवा विकास कार्यक्रम, सहमति

नेपालमा अनियन्त्रित रुपमा बढ्दै गइरहेको रासायनिक मल तथा विषादीको प्रयोगले मानव समुदाय तथा वातावरणलाई प्रत्यक्षरूपमा नकारात्मक असर पुऱ्याएको घाम जत्तिकै छर्लङ्ग छ । शहरी तथा ग्रामीण क्षेत्रमा भएका स्वास्थ्य संस्थाहरुमा उपचार गराउन आउने रोगीहरूको संख्यामा वृद्धि हुनु, तथा माटोको उर्वराशक्ति नाश हुँदै उत्पादनमा ह्रास आउनुलाई लिन सकिन्छ । अर्कोतर्फ कतिपय मानिसहरू रासायनिक मल तथा विषादीको प्रयोगबाट हुने असर तथा प्रभावको अज्ञानताका कारण अकालमा ज्यान गुमाइरहेको अवस्था रहेको छ । यसरी भयानक र डरलाग्दा रोगहरूको शिकारबाट जोगिन बेलैमा सबैले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

किसानहरूको आयआर्जन बढाउने नाममा व्यापकरूपमा विषादीको प्रयोग गरेर मौसमी तथा बेमौसमी फसल उत्पादनहरूलाई विशेष कार्यक्रमका रूपमा योजना बनाएर, कृषि मेला प्रदर्शनीहरूमा पुरस्कृत गर्दै पुरस्कार स्वरुप मानव समुदायलाई प्रत्यक्षरूपमा असर पुऱ्याउने रासायनिक मल तथा विषादीहरू र छर्नका लागि प्रयोग गर्ने स्प्रेयरहरू सहयोग गरेर कृषकहरूले राम्रो आम्दानी लिन सफल भए भनेर प्रचारप्रसारमा जोड दिई वातावरणमा खेलवाड भइरहेको छ । वर्तमान समयमा पनि यो अवस्थाले निरन्तरता पाइरहेको छ भने भविष्यमा पनि यसले निरन्तरता पाइरहन सक्छ । त्यसैले यसलाई समयमा नै विचार पुऱ्याउनु पर्ने देखिन्छ ।

कृषि क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरूले यी विषयहरूमा ध्यान नदिएको पनि होइन तर त्यसलाई व्यवहार उतार्न नसकेको भने ध्रुवसत्य कुरा हो । वास्तवमा भन्ने हो भने अझै पनि नेपाल सरकारले किसानको आम्दानी बढाउने भनेर अनुदानमा रसायनिक मल वितरण गरेर उत्पादनलाई मात्र जोड दिइरहेको छ । यसरी मल वितरणलाई प्राथमिकता दिनु भन्दा जैविक मल तयार गर्ने प्रविधितर्फ जोड दिई जैविक खेतीमय बनाउनका लागि राज्यले जिम्मेवार भएर लाग्नु पर्ने देखिन्छ । त्यसकारण सबैले आ-आफ्नो क्षेत्रबाट किसानहरूलाई वातावरणमा पर्ने प्रभावको बारेमा जनचेतना फैलाउन सके यसको प्रत्यक्ष असरलाई न्यूनीकरण गर्न सकिन्छ ।

हाल यत्रतत्र आधुनिक कृषि प्रणालीको नाममा रसायनिक मल, रसायनिक विषादी, झारनाशक विषादी र औजारमूलक कृषि प्रणालीको शुरुआत गरिएको छ । यसमा उच्च लगानी आवश्यक छ । जसबाट केही हदसम्म केही समयसम्म उत्पादन बढ्दछ । तर यस्तो खेती प्रणाली अपनाउँदा सावधानी नपुऱ्याएको खण्डमा कालान्तरमा यसले माटो, पानी, र वायुमण्डलमा नकारात्मक असर पुऱ्याउने सम्भावना उत्तिकै रहेको छ ।

यस प्रकारको नकारात्मक प्रभावलाई कम गर्नका लागि सहमति ग्रामीण युवा विकास कार्यक्रमले "कृषिका लागि कम लागतमा बाह्य सामग्रीको प्रयोग (लिजा)" प्रविधिको शुरुआत गरेको छ । यस प्रविधिबाट खेतीको लागि लागत कम लाग्ने, माटोको संरक्षण हुने, स्थानीय श्रोत साधनको प्रयोग हुने तथा स्थानीय तहमा रसादीहरु तयार गर्न सकिने भएकाले माटोको उर्वराशक्तिको दीर्घकालीन व्यवस्थापन गर्ने भरपर्दो उपाय हो । वर्तमान समयमा शुद्ध प्राङ्गारिक मलको माध्यमबाट उत्पादित खाद्यान्न वस्तुलाई बढी मूल्य तिरेर खाने प्रचलन पनि बढ्दै गईरहेको छ । तर नेपालमा यसको बजार नभए पनि अन्तर्राष्ट्रियस्तरमा भने यसको वजार प्रशस्त रहेको छ ।

ग्रामीण क्षेत्रमा रहेका किसानहरूलाई कृषि सम्बन्धी जनचेतनामा वृद्धि गराउन, स्थानीय बीऊबिजनहरूको प्रयोग, रोग, कीरा कम लाग्ने जातहरूको पहिचान गरी खेती लगाउन जोड गर्ने, जैविक नियन्त्रण पद्धति, वनस्पति रसादीहरूको प्रयोग, फेरोमेन ट्रयापको प्रयोग जस्ता उपायहरूको प्रयोग गरेर कृषि उत्पादन गरी विषादी रहित क्षेत्र बनाउन पहल गर्ने कुराहरूलाई ध्यानमा राखेर सहमति, ग्रामीण युवा विकास कार्यक्रमले नवलपरासी जिल्लाका कोटथर र डाँडाझेरी गा.वि.स. का सतिकोट, काफलडाँडा, धवादी, रामकोट तथा छरछरे गाउँका १५१ घरधुरीका कृषक सदस्यहरूको २३८१ रोपनी क्षेत्रफललाई जैविक खेती प्रक्रियामा अगाडि बढाउने उद्देश्यले समूहस्तरमा व्यापकरूपमा छलफल भयो । छलफल पश्चात् कार्यक्षेत्रका किसानहरूले मिति २०७० साल वैशाख महिनाबाट अर्गानिक पकेट क्षेत्र बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान गरे । साथै कार्यक्रमले पनि जैविक प्रक्रियालाई अगाडि बढाउन लिजा प्रविधि तालिम सञ्चालन गऱ्यो ।



कृषकहरूले अर्गानिक पकेट क्षेत्र बनाउनको लागि विभिन्न समूहसँग सहकार्य गर्दै श्री झेरीखण्डे कृषि उत्पादन समूहको नामाकरण गरी ११ जनाको सदस्य समूहको अधिनमा रहेर विभिन्न जैविक कृषि कार्यहरू गर्ने गरी अर्गानिक सर्टिफिकेशन नेपाल, काठमाण्डौसँग सहकार्य गरेर अगाडि बढ्दै गए । फलस्वरुप कृषकहरूले कृषकको व्यक्तिगत विवरणहरू, किसानहरुको दैनिकी, प्राङ्गारिक खेतबारी निरीक्षण प्रतिवेदन लगायतका फारामहरू भर्दै माटो परीक्षणको नमूना लिदैं पहाडी क्षेत्रका पाँचवटा गाउँहरूलाई समेटेर परिक्षणकालको रूपमा अर्गानिक सर्टिफिकेशन नेपाल, काठमाण्डौले अर्गानिक सर्टिफाईड गरेको छ । जुन नेपालको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धी निर्देशिका २०६४ बमोजिम रूपान्तरण अवधिको प्राङ्गारिक उत्पादनको रूपमा प्रमाणित भएको हो ।

यसरी दीर्घकालीन रूपमा अर्गानिक प्रविधिलाई अगाडि बढाउन अन्य क्षेत्रमा पनि लिजा प्रविधिलाई व्यापकरूपमा प्रचारप्रसार गर्नु जरूरी छ । जुन अन्तर्गतको खेती प्रणालीमा बजारबाट कुनै पनि कृषिजन्य सामग्रीहरू किन्न पर्ने आवश्यकता हुँदैन । साथै यस प्रविधिबाट माटोको उर्वराशक्ति बढ्दै कम लागतमा कृषि उत्पादन बढी हुने क्रम रहेको छ । यसर्थ कृषकहरु, सरकारी निकाय तथा सरोकारवालाहरुले आगामी दिनमा यस्ता प्राकृतिक श्रोतहरुको सदुपयोग गर्दै विषादी रहित क्षेत्र बनाउन तथा माटोको उर्वराशक्ति वृद्धि गर्न जोड दिनुपर्ने आवश्यकता देखिन्छ ।

* LEISA=Low External Input Sustainable Agriculture

❁❁❁

## सिन्धुली जिल्लामा .............

नभैरहेको अवस्था छ, पछिल्ला समयमा सहकारीहरुको संख्यात्मक विकास भएता पनि गुणात्मक नतिजा आउन सकिरहेको छैन । त्यसैले, हाम्रा सहकारीहरु नामका हैनन् कामका सहकारी हुन आवश्यक छ । कृषि विकासका लागि नेपाल सरकारको कृषि प्रसार रणनीति समूह, सहकारीहरु मार्फत प्रविधि हस्तान्तरण तथा विस्तार गर्ने भन्ने रहेको छ । स्थानीयस्तरका कृषि सहकारीहरुले मलखाद, बीउ आदी वितरण गरि उत्पादन सामाग्रीहरुको आपुर्ति गरिरहेका छन् । कृषि सहकारीहरुले उपर्युक्त प्रविधिहरुको अनुसरण र उत्पादित बस्तुहरुको बजारीकरणमा समेत सक्रिय भएर लाग्नु पर्ने आवश्यकता छ । सहकारीहरुको निक्षेप उत्पादनशील कृषि व्यवसायमा पर्याप्त रुपमा लगानी हुनु पर्दछ । यसबाट कृषि उत्पादनमा वृद्धि भई खाद्य सुरक्षामा टेवा पुग्दछ । ❁❁❁

# एस.आर.आई (SRI) को प्रक्रिया तथा सिकाइ

✍ दिनेश बस्ताकोटी
कृषि तथा जीविकोपार्जन अधिकृत, समुन्नति कार्यक्रम, सहमति

**परिवेश :**

नेपाल कृषि प्रधान देश हो । यहाँको मुख्य आम्दानीको मेरुदण्ड नै कृषि हो । तर यो पेशा अहिले संकटमा परेको छ । फलत: कृषि पेशा प्रतिको सहभागीता दिन प्रतिदिन घट्दो छ । जसको कारण हाल ६५% जनसंख्या मात्र यस पेशामा लागेको छन् त्यसमा पनि ६१% ले निर्वाहमुखी कृषि र बाँकी ४% मात्र व्यवसायीक गरेको पाइन्छ । यसरी कृषिमा बढ्दो आकर्षणका कारण बाहिरबाट खाद्यान्न, तरकारी, फलफुल, माछा मासु आदि आयातको मात्रा बढ्दो छ । यदि यहि अवस्था रहिरहने हो भने कालान्तरमा खाद्य असुरक्षा हुने निश्चित छ ।

कृषिमा जलवायु परिवर्तनले ठूलो असर पुर्‍याएको छ । यसका अतिरिक्त राज्यको यस प्रति सुदृढ नीतिको अभाव एवं भएको नीति समेत कार्यान्वयन नहुनु अर्को समस्याको रुपमा देखा परेको छ । भने समयमा सिचाई, विउ/विजन, मल प्रविधिक ज्ञान, उत्पादित सामाग्रीको उचित मूल्य, बजार व्यवस्थापन र कृषकको सम्मान नहुनुले यस पेशामा गहिरो चोट पुर्‍याएको छ ।

जमीन खण्डीकरण एवं जलवायु परिवर्तनको परिवेशमा अनुकुलमुखी कृषि गर्न आजको आवश्यकता भएको छ । यसै शन्दर्भमा सहमतिले अक्सफाम हङकङसँगको साझेदारिमा सञ्चालित समुन्नति उत्थान्नशिल खाद्य सुरक्षा कार्यक्रममा सञ्चालित विभिन्न कार्यक्रमहरु मध्ये सघन धानखेती प्रणाली System of Rice Intersifiction (SRI) यसै बर्ष देखि गर्दै आइरहेको छ । यो प्रविधिमा कम पानी, कम लगानीमा बढी उत्पादन लिन सकिने नयाँ विकल्प हो । यस प्रविधिका बारेमा सामान्य जानकारी गराउने एवं अभिलेख व्यवस्थापन गर्ने उद्देश्यले यो पुस्तिका हरेका SRI गर्ने कृषक समूहसँग रहने छ ।

**१. पृष्ठभुमी** :

नेपाल कृषि प्रधान देश हो । यहाँका ६५.७ % जनसंख्या जीविकोपार्जनका लागि कृषिमा निर्भर छन् । कृषिले कूल ग्राहस्त उत्पादनमा ४१ % योगदान दिएको छ । धान नेपालको मुख्य खाद्यान्न बाली हो । यो १५ लाख हेक्टर क्षेत्रफलमा लगाइन्छ जसबाट ४४.६ लाख टन उत्पादन हुन्छ । यसको औसत उत्पादकत्व २.९८ टन प्रति हेक्टर छ । अहिले धान खेतीको लागि पानीको अभाव हुनु समस्या रहेको छ । बढ्दो जनसंख्या, खाद्य असुरक्षा र जलवायु परिवर्तनका कारण यो समस्या अझै ठूलो रुप लिने आशंका छ । हाल किसानहरुमा बढ्दो लगानी र कम फाइदा भएको कारण धान खेतीतर्फ सन्तोषजनक सहभागिता रहेको पाइदैन । त्यसैले कम पानी प्रयोग हुने प्रविधि अपनाउनु अति आवश्यक रहेको छ । यस्तो अवस्थामा थोरै उत्पादन लिने एस.आर.आई. प्रयोग गर्नु अति आवश्यक छ ।

**२. इतिहास :**

एस.आर.आई फ्रांसेली फादरी हेन्री डे लाउनालीले १९८० को दशकको शुरुवातमा अफ्रिकाको मंडागास्करमा विकास गरेका हुन । १५ बर्षको निरन्तर अनुसन्धान पछी यो पद्धती विकास भएको हो । यो पद्धतीद्वारा १ हेक्टर (२० रोपनी) मा २० टन उत्पादन भएको थियो । यो पद्धतीद्वारा खेती गर्दा चिनमा ९ देखि ११ मेट्रिक टन उत्पादन गरेको थियो भने भारतमा ६ देखि ८ मेट्रिक टन उत्पादन गरेको छ भने नेपालमा यस प्रविधिबाट उत्पादन गर्दा ४ देखि ६ टन प्रति हेक्टर उत्पादन गरिएको छ ।

**३. एस.आर.आई.को परिचय :-**



सघन धान खेती प्रणाली भनेको न कुनै जात हो नत बर्णशंकर बीउ नै हो । यो धान खेती गर्ने नयाँ प्रविधि मात्र हो । एस.आर.आई. परम्परागत तरिकाबाट उत्पादन गर्ने धान बालीको नयाँ विकल्प हो । यो प्रविधिमा ८-१२ दिनको सानो बिरुवा रोपिन्छ भने परम्परागत खेतीमा ३० दिनको बेर्ना रोपिन्छ । यस प्रविधिबाट गरिएको खेतीको पहिलो गोडाई १० दिनमा धान गोडने मेसिनद्वारा गरिन्छ । धान फुल पसाउने समयमा ३ सि.एम.पानी जमाउनु पर्दछ । धान काट्नु भन्दा २५ दिन पहिला खेतबाट पानी हटाउनु पर्दछ ।

**४. एस.आर.आई.को महत्व :-**

हाल बढ्दो जनसंख्या, साँघुरिदै गई रहेको जमिन, जलवायु परिवर्तन र कृषिमा अनाकर्षणको स्थितिलाई सम्बोधन गर्न सघन धान खेती प्रणाली हाल लोकप्रिय भएको छ ।

एस.आर.आई.निम्न कारणले लोकप्रिय छ ।

- कम बिउको आवश्यकता :- यस प्रविधिबाट धान रोपाई गर्दा १-१ वटा बिउ रोपिने गरिन्छ । एक बेर्नाबाट अर्को बेर्नाको दूरी टाढा हुने हुँदा कम बीउको आवश्यकता पर्दछ ।
- कम पानीको आवश्यकता :- यस प्रविधिमा खेतमा पानी भरेर राखिदैन । खेतमा धाजा फटेपछि मात्र पानी लगाइन्छ । त्यसैले यस प्रविधिमा पानी कम लाग्दछ ।
- यस प्रविधिमा ८-१२ दिनको बीउ रोपिन्छ । ८ दिन भन्दा कमको बेर्ना कम गहिराईमा रोपिन्छ जसमा जरा र नयाँ गाँज अधिक संख्यामा आउँदछ ।
- धेरै दूरिमा रोपिन्छ :- एउटा बिउबाट अर्को बीउको दूरी २५ से.मी. हुन्छ । बेर्नाले सुर्यको प्रकाश पाउँछ । पानी, स्थान र पोषणका लागि प्रतिस्पर्धा गर्नु पर्दैन । बेर्नाको जरा सही तरिकाले फैलन्छ जसबाट धेरै पोषण तत्व प्राप्त भई स्वास्थ्य अधिक उत्पादन हुन्छ ।
- वीडर मेसिनद्वारा गोडिन्छ :- यस प्रविधिबाट गोड्दा धानको जरामा हावा आवगमन धेरै हुन्छ जसले गर्दा जरा छिटो फैलन्छ । गाँज धेरै आउँछ ।
- जैविक मलको उपयोग :- जैविक मलको प्रयोगले सूक्ष्म जीवाणुको संख्या बृद्धि हुन्छ जसले कार्वनिक पदार्थ पोषणमा बदल्न मदत गर्छ जस्ले गाँजको विकास राम्रो गर्दछ ।
- विना रसायन रोग कीरा नियन्त्रण एस.आर.आइ. प्रविधिमा धानको बिउ टाढा रोपिन्छ । सूर्य प्रकाश र हावा उचित मात्रामा मिल्छ जस्ले गर्दा रोग कीराको नियन्त्रण गर्दछ ।

**५. एस.आर.आई.को फाइदा :-**

- बिउको बचत यो प्रविधिमा ८ गुणा बीउ कम लाग्छ ।
- पानी (सिन्चाई) कम लाग्छ ।
- रासायनिक मल कम लाग्छ ।
- रोग र कीराको कम प्रकोप हुन्छ ।
- गाँज ठूलो र वाला लामो हुन्छ ।
- धेरै उत्पादन हुन्छ ।
- प्राङ्गारिक तरिकाबाट धान उत्पादन हुन्छ ।

**६. लगाउने तरिका :-**

- जमिन तयार गर्ने ।
- धानको ब्याड तयार गर्ने ।
- २ पात १ सुइरो भएको ८-१२ दिनको कलीलो बेर्ना सार्ने ।
- धाजा फाटेपछि सिचाइ गर्ने ।
- पहिलो गोडाइ १० दिनमा गर्ने ।
- दोश्रो र तेश्रो गोडा २० र ३० दिनमा गर्ने ।
- सिचाई आवश्यकता अनुसार दिने ।
- धान पसाउने बेलामा ३ सि.एम. पानी निरन्तर राख्ने ।
- धान काट्नु भन्दा २५ दिन पहिला खेतबाट पानी काट्नु पर्दछ ।

**७.समस्या, कठिनाई :-**

- रोप्नलाई झनझटिलो ।
- झार बढी आउने ।
- आफुले चाहेको वेला सिन्चाई गर्न र पानी कटाउन नसकिने स्थानमा लगाउन नसकिने ।
- सुरुवातमा अरुलाई विश्वास दिलाउन कठिनाई ।

**८. एस.आर.आई र परम्परागत खेती विच भिन्नता**

| सघन धान खेती | परम्परागत धान खेती |
|---|---|
| कम बिउको आवश्यकता (प्रति हे.५ किलो ग्राम) । | धेरै बिउको आवश्यकता (प्रति हे.३५ देखि ४० केजी) । |
| कम पानीको आवश्यकता (१-३ से.मी. वाला पसाउने समयमा) । | आधिक पानीको आवश्यकता (सधै ३-५ सेमी पानी भरेर राख्ने) । |
| बिउ ब्याडबाट निकाल्न कम समय लाग्छ । | बिउ ब्याडबाट निकाल्न धेरै पान र समय लाग्छ । |
| बिउ बाट बिउको दुरी २५ सेमी. राख्ने । | बिउ बाट बिउको दुरी कुनै निश्चित छैन । |
| झार नियन्त्रणमा बिडर मेसिन प्रयोग गर्ने । | झार नियन्त्रणमा हातको प्रयो गरिन्छ । जसले गर्दा महिलालाई कार्य बोझ धेरै हुन्छ । |
| औसत उत्पादन ४.५-६.५ कुन्टल प्रति हेक्टर । | औसत उत्पादन २.५-३५ कुन्टल प्रति हेक्टर । |
| जमिनमा सक्ष्म जिवाणुको संख्या बढि हुन्छ । | जमिनमा सुक्ष्म जिवाणुको संख्या कम हुन्छ । |
| एक-एक वटा विरुवा रोपिन्छ । | १५-१६ वटा विरुवा रोपिन्छ । |

❁❁❁

## सहकारीबाट .......

रहेको अवस्थामा सहकारीबाट पशुपालन क्षेत्रमा भएको लगानीलाई स्वास्थ्य सुधार सुचांकको एक महत्वपूर्ण उपलब्धीको रूपमा लिन सकिन्छ । सरकारको त्रिवर्षीय योजनामा रहेको गरिबीलाई ३१ प्रतिशतबाट २४% मा झार्न प्रस्तुत क्षेत्रको उल्लेखनीय भूमिका रहन्छ । त्यसैगरी ग्रामीण क्षेत्रको गरिबी हटाउन सहयोग गर्ने यो व्यवसायले करिब ८० प्रतिशत नेपालीलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगार सिर्जना गरिरहेको अवस्था रहेको छ । अहिले पशुपालनमा लागेका कृषकहरूलाई एउटै शुत्रमा बाँध्नका लागि विधिवत रूपमा समुहहरू जिल्ला पशु विकासमा दर्ता भएका छन् जसले गर्दा राज्यबाट पाइने सेवा सुविधामा पहुँच हुनुका साथै सम्पर्क समन्वय समेत विस्तार भएको छ ।

यद्यपि क्षेत्रगत लगानीमा पशुपालनबाट हुने प्रत्यक्ष र अप्रत्यक्ष लाभलाई सहकारी र अन्य निकायद्वारा नियमित रूपमा निरी क्षण तथा मूल्याङ्कन गर्दै लगानीलाई अझै बृद्धि गर्न सकेमा पशुपालन क्षेत्रले अझ गति लिन सक्ने कुरामा अझ बढी विश्वस्त हुन सकिन्छ । ❁❁❁

# प्लाष्टिक घरभित्र तरकारी खेती

✍ पुष्पा खनाल जोशी
कृषि अधिकृत, किशोरी शक्ति परियोजना, सहमति, म्याग्दी



नेपाल एउटा भू-परिवेष्ठित सानो देश भए पनि यहाँको भौगोलिक परिस्थितिले गर्दा तराई उष्ण प्रदेशिय हावा पानि उपलब्ध छ भने उच्च पहाड तथा हिमाल छेत्रमा शितोष्ण तथा अल्पाइन जलवायु भएको कारणले गर्दा यस देशमा विभिन्न किसिमका तरकारीहरु विभिन्न समयमा लगाउने प्रशस्त मौका छ । विभिन्न किसिमका प्रविधिहरु अपनाएर मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्न सकिन्छ । यसै प्रविधि मध्ये अनुकूल वातावरण सिर्जना गरी खेती गर्ने प्रविधिमा प्लास्टिक घरमा खेती पर्दछ । नेपालमा प्लाष्टिक घरभित्र बेमौसमी तरकारी खेतीको शुरुवात क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेको अगुवाइमा २०४२ सालतिर भएको हो । विगत ९-१० वर्षबाट नेपालका अधिकांश मध्य पहाडी जिल्लाहरुमा किसानहरु सुर्यको परावैजनी किरण खप्न सक्ने सिल्पाउलिन प्लाष्टिकको प्रयोग गरी बेमौसमी तरकारी खेतीतर्फ आर्कषित भएका छन् ।

**प्लास्टिक घरको आवश्यकता**

(क) नियन्त्रित वातावरणमा तरकारी खेती गर्न ।
(ख) उच्च गुणस्तरको र धेरै उत्पादन लिन ।
(ग) बेमौसमी याममा तरकारी उत्पादन गर्न ।
(घ) रोजगारीको अवसर सिर्जना गर्न ।
(ङ) कृषकको आम्दानी बढाउन ।

विरुवालाई आवश्यक हावापानीको अनुकूल वातावरण पुर्याउन सके चाहिएको समयमा माग बमोजिमको उत्पादन गर्न सकिन्छ । यस विधिका प्रतिकूल बाह्य वातवरणलाई पूर्ण वा आंशिक रूपमा नियन्त्रण गरी बालीलाई सुहाउँदो वातावरण प्रदान गरी तरकारी उत्पादन गर्नु हो । विशेष गरेर जाडो याममा तापक्रम बढाउने, गर्मीयाममा तापक्रम घटाउने र वर्षा याममा पानीबाट बचाउने कार्यमा सहयोग पुऱ्याउनु हो । प्लास्टिक घरभित्र धेरै किसिमका तरकारी जस्तै काउली, बन्दा, रायो, धनीया, प्याज, काँक्रो, गोलभेँडा आदी उत्पादन गरेर छोटो अवधिमा आम्दानी लिन सकिन्छ । प्लाष्टिक घरभित्रको गोलभेँडा खेतीमा कास्की अग्रणी जिल्ला हो भने पर्वत, बाग्लुङ्ग, स्याङ्जा, काभ्रे, भक्तपुर र ललितपुर लगायतका अधिकांश मध्ये पहाडी जिल्लाहरूमा समेत यस प्रविधिले व्यापकता पाइसकेको छ । म्याग्दी जिल्लामा पनि केहि बर्ष अघिबाट प्लास्टिक घरभित्र व्यापक रुपमा गोलभेँडा तथा अन्य तरकारी खेती गरी किसानहरुले आम्दानी लिरहेका छन । उपयुक्त व्यवस्थापन विधिको अवलम्बन गर्न सके यस प्रविधि बाट १५ -१६ मेट्रीक टन प्रति हेक्टर गोलभेँडा उत्पादन लिन सकिन्छ ।

**प्लास्टिक घरमा तरकारी खेती प्रविधी**

**प्लास्टिक घरको नमुना र आकार**

लम्बाइ : १५ -२० मी (जमिनको पर्याप्तताको आधारमा भरपर्छ)
चौडाइ : ५ -६ मिटर

**उचाइः**

बीचको खामो : १० फिट बनाई २ फिट जमिनभित्र गाड्ने । छेउको पोल : ८ फिट बनाई २ फिट जमिनभित्र गाड्ने ।

*(बाँकी १३ पेजमा)*

# सुन्तलाको बजारीकरण प्रक्रिया र सिकाइहरू

✍ विकास सापकोटा
कार्यक्रम संयोजक, अमिला जातका फलफूलहरूको बजार प्रवर्द्धन परियोजना, सहमति



नेपालमा परापूर्वकालदेखि नै सुन्तलाजातका फलफूलहरूको खेती हुँदै आएको छ । पूर्वदेखि पश्चिमसम्मको मध्य पहाडी भू-भागमा उत्पादन हुने सुन्तलाजातका फलफूल अन्तर्गत सुन्तला, कागती, जुनार, ज्यामिर, बिमिरो, चाक्सि, काठे आदि पर्दछन् । जसमध्ये सुन्तला नेपालको रैथाने फलफूल हो । हाल नेपालको ६० जिल्लामा ३६,९३७ हेक्टरमा सुन्तला जातका फलफूलहरूको खेती भइरहेको छ । आ.व.२०६९/०७० को तथ्यांक अनुसार कुल २,१६,१९५ मे. टन सुन्तला उत्पादन भएको देखिन्छ । हालको अवस्थामा नेपालमा सुन्तला जातको फलफूलको उत्पादकत्व ९.१४ मे.टन. प्रति हेक्टर छ । जसमध्ये तनहुँ जिल्लाको उत्पादकत्व ६.१९ मेट्रिक टन प्रति हेक्टर र नवलपरासी जिल्लाको ६.४३ मेट्रिक टन प्रति हेक्टर रहेको छ ।

*(स्रोत: सुन्तला फलफूल विकास संक्षिप्त जानकारी : २०७०/०७१, फलफूल विकास निर्देशनालय, राष्ट्रिय सुन्तलाजात बाली विकास कार्यक्रम)*

यसरी एकातिर सुन्तला बगैंचा व्यवस्थापनको कमि, कमजोरीले सुन्तला बगैंचामा ह्रास आई उत्पादन घटेको छ भने अर्कोतर्फ कृषकहरूले उत्पादन गरेका फलहरूको बजारीकरणको समस्याले राम्रो मुल्य प्राप्त गर्न सकेका छैनन् । यी समस्याहरूलाई न्यूनीकरण गर्नको लागि लुथरन वर्ल्ड रिलिफ तथा सहमतिको साझेदारीमा सन् २०१२ देखि २०१३ सम्म प्रथम तथा द्वितिय चरणमा अमिला जातका फलफूलहरूको बजार विकास परियोजना परिक्षण परियोजनाको रूपमा नवलपरासीको जौवारी र डाँडाझेरी गाविसमा सञ्चालन गरिएको थियो । उक्त परिक्षण परियोजनाको सिकाईलाई सन् २०१४ फेब्रुअरीबाट नवलपरासी जिल्लाको ५ गाविस (जौवारी, डाँडाझेरी, नरम, रूचाङ्ग र अर्खला) तथा तनहुँ जिल्लाको बन्दिपुर नगरपालिका र गाविस (छिम्केश्वरी, देउराली, वैदी, छिपछिपे, आँबुखैरेनी) मा सञ्चालन गरिएको छ । यस परियोजनाले सुन्तला कृषकहरूलाई आर्थिक तथा प्राविधिक ज्ञान उपलब्ध गराउँदै आएको छ । जस अन्तर्गत कृषक तालिम, अध्ययन अवलोकन भ्रमण, वेर्ना सहयोग, कृषक व्यापारी अन्तर्क्रिया, कृषि सामाग्री तथा औजार सहयोग, सिंचाई सहयोग, कृषि सडक मर्मत तथा निर्माण सहयोग तथा सहकारी प्रवर्द्धनमा सहयोग गर्दै आएको छ ।

**नवलपरासी तथा तनहुँ जिल्लामा सुन्तलाको बजारीकरण प्रक्रिया :**

दुई जिल्लाहरूमा सुन्तलाको बजार प्रवाह निम्न अनुसार रहेका छन् ।

१. उत्पादक -संकलनकर्ता-विचौलिया-थोक विक्रेता-खुद्रा विक्रेता
२. उत्पादक-संकलनकर्ता-विचौलिया/थोक विक्रेता-खुद्रा विक्रेता
३. उत्पादक-विचौलीया/थोक विक्रेता-खुद्रा विक्रेता

**नवलपरासी तथा तनहुँ जिल्लाको सुन्तला विक्रीको लागि मुख्य बजारहरू :**

| | |
|---|---|
| १. काठमाण्डौं (कालिमाटी, बल्खु) | २. कास्की (पोखरा) |
| ३. तनहुँ (दमौली) | ४. चितवन (नारायणगढ बजार) |
| ५. नवलपरासी (कावासोती) | ६. रूपन्देही (वुटवल) |

**सुन्तलाको बजारीकरणमा समावेश मुख्य पात्रहरू :**

**१. उत्पादक/उत्पादनकर्ता :**

नवलपरासी तथा तनहुँ जिल्लाको हकमा अधिकांश सुन्तला उत्पादक कृषकहरू अझैपनि निर्वाहमुखी तथा अर्ध-व्यवसायिक रूपमा सुन्तला खेती गरिरहेका छन् । सुन्तला उत्पादक कृषकहरूले प्रायजसो: सुन्तला स्थानीय संकलनकर्ताहरूलाई बिक्री गर्ने गरेका छन् ।

**२. संकलनकर्ता :**

संकलनकर्ताहरू प्राय स्थानीय स्तरबाटै हुन्छन् । साथै केहि संकलनकर्ताहरू स्थानीय तथा जिल्ला बाहिरका पनि हुने गर्दछन् । यिनिहरूले सुन्तला संकलन गर्ने, सर्टिङ्ग तथा ग्रेडिङ्ग गर्ने, प्याकेजिङ्ग गर्ने र थोक बजारमा बिक्री वितरण गर्ने गर्दछन् । यसरी विभिन्न क्रियाकलाप गर्दा लाग्ने खर्च, बजार शुल्क खरिद मूल्यमा समाहित केहि नाफा रकम सहितको मूल्य बिक्री गर्ने गर्दछन् । तर यिनिहरूले विचौलिया जत्तिको नाफा लिन सक्दैन । यिनिहरूले जब सुन्तलाको माग बढी हुँदा तथा बजार मूल्य बढी हुँदा नाफा कमाउन सक्दछन् । नत्र अन्य परिवेशमा नोक्सान पनि बेर्होनुपर्ने हुन्छ ।

**मुख्य बजारमा रहेका संकलनकर्ताहरू**

| पकेट क्षेत्र/बजार | संख्या |
|---|---|
| नारायणगढ | ७०-८० |
| बुटवल | ३०० |
| पोखरा | १०० |
| बल्खु | १० |
| कालिमाटी | ८०-१०० |
| नवलपरासी (परियोजना कार्यक्षेत्र) | ६० |
| तनहुँ (परियोजना कार्यक्षेत्र) | ९०-१०० |

*स्रोत : फिल्ड सर्वे*

**३. मध्यस्थकर्ता :**

यिनिहरूले संकलनकर्ता र थोक विक्रेताको सम्बन्ध स्थापित गरिदिने कार्य गर्दछन् । जसबाट केहि रकम कमिशन वापत पाउँछन् । यिनिहरूले बजारको माग र मूल्यमा आधारित नभई स्पष्ट किटानकासाथ निर्धारित रकम प्राप्त गर्दछन् । कहिलेकाँही मध्यस्थकर्ता विना नै सुन्तला थोक बजारमा बिक्री हुने गर्दछ ।

**४. थोक विक्रेता :**

संकलनकर्ताले सुन्तला पकेट क्षेत्रबाट संकलन गरी थोक बजारमा बिक्री गर्ने गर्दछ । यसरी थोक बजारमा बिक्री गर्दा थोक विक्रेतालाई केहि कमिशन बुझाउनुपर्ने हुन्छ । थोक बिक्रेताले संकलनकर्ताको सुन्तला बिक्री गरिदिए वापत कमिशन लिने गर्दछ । यसरी लिने कमिशन प्रायजसो मुख्य बजारहरूमा ६-८ % हुने गर्दछ ।

**मुख्य बजारहरूमा रहेका थोक विक्रेताको संख्या**

| बजार | थोक विक्रेताको संख्या |
|---|---|
| नारायणगढ | १८ |
| बुटवल | ३४ (७ स्थायी, २७ मौसमी) |
| पोखरा | ६ |
| बल्खु | १० |
| कालिमाटी | ९ |
| कावासोती | २ |

*स्रोत : फिल्ड सर्वे*

**५. खुद्रा व्यापारी :**

यिनिहरूले थोक व्यापारीसँग खरिद गरी प्लाष्टिकको झोला, क्रेट, काठको वाकसमा प्याकिङ्ग गरी बिक्री गर्दछन् । यो प्रक्रियामा तिनिहरूले प्रति के.जि. औषत रू.६ रूपैंया खर्च गर्ने गर्दछन् ।

**नवलपरासी तथा तनहुँ जिल्लामा मूल्य निर्धारण पद्धति**

**१. उत्पादन क्षेत्रमा :**

उत्पादन क्षेत्रमा अघिल्लो वर्ष तथा बजारको माग अनुसार संकलन संकलनकर्ताले नै मूल्य निर्धारण गर्ने गर्दछन् । जस अनुसार

(क) बगैंचा नै खरिद गर्ने प्रचलन

(ख) सुन्तला जोखेर लिने : संकलनकर्ता स्थानीय तथा बाहृय)

**२. बजार क्षेत्रमा/थोक बजारमा :**

(क) पूर्व मूल्य निर्धारण : संकलनकर्ताले थोक विक्रेतालाई बिक्री गर्दा पूर्व निर्धारित मूल्यको आधारमा विक्री गर्दछ । कालिमाटी बजारमा यो पद्धति लागु छ भने पोखरा र बल्खुबजारमा ५०% को हकमा यो व्यापारिक पद्धति लागु छ । तर नारायणगढ बजारमा भने पूर्व मूल्य निर्धारित आधारमा नभई कमिशन कटौती पछिको मूल्य निर्धारण हुने गर्दछ ।

(ख) कमिशन कटौती पछिको मुल्य निर्धारण

यो पद्दती नारायगढ बजारमा लागू भएको छ ।

**परियोजना सञ्चालन भइसकेपछि बजारीकरणमा हालसम्म आएका परिवर्तन**

- नवलपरासी जिल्लाको जौवारी गाविसमा बगैचा नै बिक्री गर्ने प्रचलनको अन्त्य तथा सुन्तलाको परिमाण तौलिएर बेच्ने गरेका छन् ।
- नवलपरासीको जौवारी, रूचाङ्ग, डाँडाझेरीमा सुन्तला बिक्री गर्दा बजारको सूचना सम्बन्धी जानकारी लिई उचित मूल्यमा बिक्री गर्ने गरेका छन् ।
- नवलपरासी जिल्लाको डाँडाझेरी गाविसमा ४-५ कृषकको समूह बनाई थोक बजारमा बिक्री गर्ने छन् जसले गर्दा कृषकहरूले उचित मूल्य पाएका छन् ।
- नवलपरासी जिल्लाको जौवारी तथा डाँडाझेरी गाविस तथा तनहुँको वैदी गाविसमा कृषकहरूले केहि समय (३०-४० दिन) शुन्य शक्ति शित भण्डारणमा सुन्तला भण्डारण गरी वेमौषममा बिक्री गरी बढी आम्दानी लिन सफल भएका छन् ।
- जौवारी वहुउद्देश्यीय सहकारी संस्था लि., जौवारीमा आवद्ध ४ कृषकहरूले कावासोतीमा सुन्तलाको थोक बिक्री शुरू गरेका छन् र आगामी वर्ष सहकारीले नै सुन्तलाको बिक्री, वितरण गर्न गृहकार्य गर्दै गरेको छ ।
- तनहूँको बन्दिपुरमा मिलिजुली कृषि सहकारी संस्था लि.ले आगामी वर्षबाट सामुहिक रूपमा सुन्तलाको बिक्री, वितरण गर्नको लागि फलफूल उत्पादन तथा बिक्री वितरण उपसमिति गठन गरेको छ ।
- नवलपरासी जिल्लाको तुलनामा तनहुँ जिल्लामा परियोजना सञ्चालन अवधि केहि समयपछि भएपनि विभिन्न गाविसका कृषकहरूले आगामी वर्षहरूमा सामुहिक बजारीकरणको लागि योजनाहरू निर्माण गर्दैछन् ।

**परियोजना कार्यान्वयन गर्दाका केहि सिकाइहरू**

- सामुहिक रूपमा सुन्तला बजारीकरण गर्दा कृषकहरूले उचित मुल्य प्राप्त गर्न सक्नेछन् ।
- माघ महिनाको पहिलो हप्ताभित्रै सुन्तला टिपी बिक्री गर्नाले आउँदो वर्षमा उत्पादनमा कमि नआउने ।
- सुन्तला टिपिसकेपछि बगैचा व्यवस्थापनका कार्यहरू प्रभावकारी रूपले गर्दा आउँदो वर्षमा उत्पादनमा वृद्धि हुने ।
- थोक विक्रेता र कृषक विचको अन्तर्क्रिया कार्यक्रमले सुन्तला बजारीकरणमा कृषक समूहलाई टेवा पुग्दछ ।
- कतिपय गाविसहरूमा व्यापारीहरू उहि समुदायबाट प्रतिनिधित्व गर्ने हुँदा एकैचोटी स्थानीय व्यापारीहरूलाई विस्थापित गर्न गाह्रो हुने रहेछ ।

**सन्दर्भ सामाग्रीहरू :**


१. सुन्तलाजात फलफूल विकास संक्षिप्त जानकारी : २०७०/०७१, (फलफूल विकास निर्देशनालय, राष्ट्रिय सुन्तलाजात बाली विकास कार्यक्रम)

२. Acharya, Durga Prasad; Market/ Value Chain Study of Mandarin Orange in Nawalparasi District and Four Major Markets of Nepal (Narayanghat, Butwal, Pokhara and Kathmandu)

३. CMDP Project Report-2014, SAHAMATI

४. www.moadwto.gov.np/noticefile/year-book_whole_book_1396868444.pdf


## प्लाष्टिक घरभित्र.................

**प्लाष्टिकको मोटाइ**

- ४५ जी.एस.एम.को युभी सिल्पोलिन प्रयोग गर्ने तर
- असिनाको जोखिम क्षेत्रमा भने ९०–१०० जि.एस.एम.प्रयोग गर्नु पर्दछ ।

**ढाक्ने समय :** जेठदेखि माघसम्म

**बाली चक्र :** गोलभैंडा–रायो/धनियाँ –काउली /प्याज

**निर्माण प्रक्रिया र निर्माणमा प्रयोग हुने वस्तुहरु**

- दक्ष जनशक्ति
- सर्लक्क परेको बाँस
- हावा बहने दिशातिर फर्काएर घरको निर्माण गर्नुपर्छ ।
- भिरालोपनमा ९० डिग्रीको कोणमा कान्ला पारेर निर्माण गर्नुपर्छ ।
- किला , तार ।

**सिंचाईको प्रयोग**

- घरको लम्बाइ १२ मी सम्म : थोपा सिंचाइ
- घरको लम्बाइ १२ मी भन्दा बढी : इजी केबी ड्रिप सिंचाइ

**प्लाष्टिक घर बनाउँदा ध्यान दिनुपर्ने कुराहरू**

- घर निर्माण गर्ने ठाउँको उचाई, मोहडा, तापक्रम, आद्रता, हावाको बहाबको दिशा तथा लगाउने जातमा विचार पुर्‍याउनु पर्दछ ।
- समुन्द्री सतहबाट उचाइ कम भएको ठाउँ छ भने सामान्यतया तापक्रम बढी हुने हुँदा घर अग्लो बनाउनु पर्छ । बढी उचाई भएको ठाउँमा प्लाष्टिक घर होचो बनाउनु पर्छ (८ सयदेखि ११ सय मिटरसम्मको उचाईमा धुरी खाँबाको उचाई ४ मी र छेउको खाँबा ३ मिटर, ११ सयदेखि १४ सयसम्म धुरी खाँबा ३.५ र छेउको २.५ मी. र १४ सयदेखि १९ सय मिसम्म धुरीखाँबा ३ मी र छेउको खाँबा २ मी. कायम गर्ने ।
- प्लाष्टिक घर निर्माण गर्दा हावा ओहोरदोहोर गर्ने ठाउँ भएको बनाउनुपर्छ । जसले गर्दा तापक्रम र आद्रता नियन्त्रित भई रोग तथा कीराको प्रकोपलाई न्यूनिकरण गर्न सकिन्छ ।
- प्लाष्टिक घर बनाउँदा छानोको उपयुक्त स्लोप मिलाउन आवश्यक हुन्छ । अन्यथा प्लाष्टिकमा पानी तथा असिनाले क्षति पुर्‍याउने सम्भावना हुन्छ ।

**खेती खर्च र आम्दानीको विश्लेषण**

एक रोपनी जग्गामा बाटो लगायत अन्य क्षेत्र छोडेर १२० बर्ग मिटरको तीनवटा प्लाष्टिक घर निर्माण गर्न सकिन्छ । प्लाष्टिक घरभित्रका खेती खर्च तथा आम्दानी हेरदा खेतीमा प्रथम वर्षमा केही नोक्सान देखिएपनि दोश्रो वर्षबाट फाइदाजनक देखिन्छ । घर निर्माणमा शुरुको वर्ष बढी खर्च हुने र उक्त टनेल साधारण मर्मत सम्भार गर्दा कम्तिमा ३ वर्ष टिक्ने तथा व्यवस्थापन पक्ष ( बाली तथा रोग/कीरा आदि) मा ध्यान दिएमा प्लाष्टिक घरको खेती आर्थिक पक्षबाट फाइदा जनक देखिन्छ ।

# म्याग्दी जिल्लामा कृषि विकास : वर्तमान अवस्था, चुनौती, अवसर र सम्भावनाहरु

✍ वसन्त कुमार श्रेष्ठ
वरिष्ठ कृषि विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय, म्याग्दी बेनी



**पृष्ठभूमि**

नेपाली अर्थतन्त्रको मूख्य क्षेत्र कृषि रही कूल गार्हस्थ उत्पादन (GDP) मा करीब ३६ प्रतिशत योगदान पुऱ्याई कूल जनसंख्याको ६६ प्रतिशत जनतालाई प्रत्यक्ष रोजगारी सिर्जना गरेको कृषि क्षेत्र नै नेपालको आर्थिक बृद्धि गर्ने र गरीबी घटाउने एक प्रमुख संयन्त्र एवं सशक्त माध्यम हो भन्नुमा अतिशयोक्ति नहोला । औद्योगिकिकरणका लागि कच्चा पदार्थका साथै अधिकांश निकासीयोग्य बस्तुहरुको उत्पादन समेत यही क्षेत्रबाट हुने भएकाले कृषि व्यवसाय नेपाली जनजिविकाको प्रमुख आधार मात्र नभई समग्र आर्थिक बिकासकै आधारशिला हो । यसरी अर्थतन्त्रको मेरुदण्डकारुपमा अग्रणी भूमिका खेल्दै आएको कृषि क्षेत्रको विकास नभएसम्म बहुसंख्यक ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउन नसकिने तथ्य निर्विवाद छ ।

यही चुनौतीपूर्ण वास्तविकतालाई हृदयंगम गरी तीव्र गतिमा कृषिजन्य बस्तुहरुको बृद्धिदर बढाई गरीबी न्यूनीकरण गर्ने नेपाल सरकारको महान लक्ष्यलाई पूरा गर्न २० बर्षे दीर्घकालिन कृषि योजना (APP) को परिकल्पना र यसले अंगिकार गरेको पकेट प्याकेज रणनीति (PPS), राष्ट्रिय कृषि नीति-२०६१, म्याग्दी जिल्लाको आवधिक योजना र ३ वर्षे अन्तरिम योजनाको मर्म र भावना अनुरुप आर्थिक उदारिकरण, विश्व व्यापार संगठन (WTO) र साफ्टा (SAFTA) आदि क्षेत्रीय संगठनहरुमा नेपालको प्रतिबद्धता, नेपालका लागि दीगो विकासको एजेण्डा एवं सहश्राब्दी बिकासका लक्ष्यहरु र कृषि क्षेत्रको भूमिकालाई समेत मध्यनजर राख्दै म्याग्दी जिल्लाको कृषि विकासका लागि अपरिहार्य तत्वका रुपमा रहेका रासायनिक मल, बीउ लगायतका उत्पादन सामाग्रीहरु, सिचाई, उन्नत कृषि प्रविधि, कृषि ऋण, कृषि सडक, ग्रामीण विद्युतीकरण र कृषि उपज भण्डारण तथा बजार पूर्वाधारहरुलाई जिल्लामा उपलब्ध स्थानीय भौगोलिक विबिधता एवम् विशिष्टता, संभाव्यता, बजार उपलब्धता, तुलनात्मक लाभ र प्राथमिकताका आधारमा सम्भाव्य बाली/वस्तु विशेषका पकेट क्षेत्रहरुमा एकीकृत एवं समन्वयात्मक रुपमा अत्यन्त सावधानीकासाथ परिचालन गर्न खोजिएको छ ।

**कृषि विकास कार्यक्रमका मूख्य उद्देश्यहरु**

- कृषि प्रसारका विभिन्न शैक्षिक तरीकाहरुका माध्यबाट परम्परागत निर्वाहमुखी कृषि उत्पादन प्रणालीलाई विविधिकरण गरी मर्यादित, प्रतिस्पर्धी, व्यवसायिक एवम् निर्यातमुखि कृषि उत्पादन प्रणालीमा रुपान्तरण गर्ने,
- कृषिजन्य उत्पादनको परिमाणात्मक एवं गुणात्मक बृद्धि गरी म्याग्दी जिल्लालाई आत्मनिर्भर गराउनुका साथै उच्च मूल्यवान बाली/वस्तुहरुको आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्ने,
- कृषि विविधिकरण, व्यवसायिकरण, एवं औद्योगिकरणका माध्यमबाट आय आर्जन तथा उत्पादनशिल रोजगारका अवसरहरु बृद्धि गरी जीवनस्तरमा सुधार ल्याउने र गरीबी न्यूनिकरणमा टेवा पुऱ्याउने ।

**संस्थागत व्यवस्था**

उल्लेखित उद्देश्य प्राप्त गर्न म्याग्दी जिल्लामा देहायका निकायहरु लगायत अन्य विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु मार्फत कृषि सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् ।

- जिल्ला कृषि विकास कार्यालय-१
- कृषि सेवा केन्द्र-६ (ज्यामरुककोट, घतान, दाना, पाखापानी, बाबियाचौर र ताकम)
- कृषि सेवा सम्पर्क स्थल-३ (भगवती, घार र लुलाङ)
- कृषि बिकास बैंक लि.-१
- व्यवसायिक कृषि सहकारी संस्था-९
- रासायनिक मल बिक्रेता-४७
- बिषादी खुद्रा बिक्रेता (एग्रोभेट)-२६
- सक्रिय कृषक समूह संख्या-२७३ (महिला-२९, पुरुष-२३, मिश्रित-२२१)
- संगठित कृषि बजार-२ (बेनी, बाबियाचौर)
- सहमती, मिलन, संगम, सुआहारा, **HRDC, REEC, DCRDC, MEDEP** आदि गैरसरकारी संघसंस्थाहरु

**जिल्ला कृषि विकास कार्यालयबाट सञ्चालित मूख्य कार्यक्रमहरु**

जिल्ला कृषि बिकास कार्यालय, म्याग्दीबाट हाल स्थानीयस्तरमा (जि.बि.स.बाट) निक्षेपित कार्यक्रम र केन्द्रीयस्तरका कार्यक्रम गरी २ किसिमका कार्यक्रमहरु संचालन हुने गरेको छ ।

**१. निक्षेपित कृषि प्रसार कार्यक्रम**

१.१ पकेट प्याकेज कार्यक्रम, १.१.१ लक्षित वर्ग विशेष कार्यक्रम, १.१.२ साधारण कृषि प्रसार कार्यक्रम

**२. केन्द्रीयस्तरका कार्यक्रमहरु**

२.१ साना सिचाई विशेष कार्यक्रम, २.२ सहकारी खेतीमा आधारित सिचाई कार्यक्रम, २.३ रासायनिक मल बिउ ढुवानी कार्यक्रम, २.४ माटो परिक्षण तथा सुधारसेवा कार्यक्रम, २.५ एकीकृत बाली तथा जलश्रोत व्यवस्थापन कार्यक्रम IWRMP, २.६ मत्स्य विकास कार्यक्रम, २.७ मध्य पहाडी बृहत्तर मकै उत्पादन कार्यक्रम, २.८ सुन्तला बगैंचा सुदृढीकरण कार्यक्रम, २.९ अभियानमुखी कोदो उत्पादन कार्यक्रम, २.१० यूवालक्षित तरकारी उत्पादन कार्यक्रम YFVPP, २.११ यूवालक्षित च्याउ उत्पादन कार्यक्रम

**बर्तमान अवस्था :**

उद्योग धन्दाहरु खासै फस्टाउन नसकेको परिप्रेक्ष्यमा अधिकांश म्याग्दी जिल्लाबासीहरुको जीविकोपार्जनको मूख्य माध्यम कृषि नै हो । कतिपय दुर्गम ग्रामिण ईलाकाहरुमा यो ब्यवसाय अझै निर्वाहमुखी रहेको छ भने उत्पादन तथा बजार पूर्वाधारहरुसँग पहुँच भएका सदरमुकाम र आसपास क्षेत्रमा भने कृषिले ब्यवसायिक रुप धारण गर्दै गएको देखिन्छ । भौगोलिक बिकटतासँगै उपलब्ध सिमित कृषियोग्य भूमिबाट बढ्दो जनसंख्यालाई खाद्यवस्तु उत्पादन गर्नु पर्ने बाध्यता एकातिर छ भने अर्को तिर समय समयमा देखा पर्ने असिना, खडेरी, अतिबृष्टि, अनाबृष्टि र रोगकीराको महामारी आदि प्राकृतिक प्रकोपहरु यस जिल्लाको कृषि उत्पादन बृद्धिमा बाधक बन्ने गरेका छन् । तथ्याङ्कीय हिसाबले आ.व. ०७०र७१ सम्म म्याग्दी जिल्ला कृषि विकाससँग सम्बन्धित तथ्यहरुको बर्तमान अवस्था यस प्रकार रहेको छ ।

**खेती गरिएको जमिन र सिचाईको स्थिति**

- जिल्लाको कूल क्षेत्रफल : २,२९,७०६ हे.

- खेतीयोग्य जमिन : ३०,८५६ हे.
- खेती गरिएको जमिन : १९,४९८ हे.
- सिचाई सुविधा भएको जमिन-४३०६.९६ हे. (बाह्रै महिना- १६६२.९६ हे., मौसमी-२६४४ हे.)

**कृषिसंग सम्बन्धित अन्यको स्थिति**

- जिल्लाको कूल परिवार घरधुरी संख्या (२०६८ को जनगणना अनुसार) २७७६२
- जिल्लाको कूल जनसंख्या (२०६८ को जनगणना अनुसार)
  - महिला ६२२४६
  - पुरुष ५१३९५
- जिल्लाको कूल कृषक परिवार संख्या २२४८०
- कृषिमा आश्रित जनसंख्या ८९९२०
- ग्रामीण कृषि कार्यकर्ता संख्या २३ (एक जना मृत्यु भएको)
- सक्रिय ग्रामीण कृषि कार्यकर्ता संख्या १०
- निष्क्रिय ग्रामीण कृषि कार्यकर्ता संख्या १२
- कृषि प्राविधिक र कृषक परिवारको अनुपात १ : ११८३ (कृषि प्राविधिक भन्नाले प्रा.स. र ना.प्रा.स. कर्मचारीमात्र गणना गरिएको)

**कृषि विकासका चुनौतीहरु**

- भौगोलिक विकटता-९२ प्रतिशत भू-भाग पहाड र हिमाली क्षेत्र ।
- सिचाई, यातायात, बिद्युत र बजार पूर्वाधारहरुको कमीका कारण कृषि क्षेत्रको विविधिकरण तथा व्यवसायिकरणमा कठिनाई ।
- कृषि उत्पादन सामाग्री/सेवा टेवा सर्वसुलभ हुन नसक्नु ।
- युवा जनशक्ति कृषि पेशातर्फ आकर्षित नभई विदेश पलायन हुने प्रबृति बढ्दो हुनु ।
- जमीनको खण्डीकरण, कृषि यन्त्रीकरणमा कठीन र भिरालो जमीनमा अबैज्ञानिक खेती प्रणाली ।
- प्राकृतिक प्रकोप-बाढी, पहिरो, असिना, खडेरी र समय समयम महामारीका रुपमा रोग कीराको प्रकोप हुनु ।
- स्थानीय निकायलाई कृषि प्रसार कार्यक्रम अझैपनि पूर्णरुपमा निक्षेपण नहुँदा अन्योल र द्विविधा उत्पन्न हुनु ।
- कृषि प्रसार कार्यक्रमको पूर्ण निक्षेपण बिनानै सेवा केन्दहरुको संख्या घटाइदा कृषि सेवा प्रवाहमा कठिनाइ हुनु (सरदरमा १ जना कृषि प्राबिधिकले ७ वटा गा.बि.स.का ११०० भन्दा बढी कृषक परिवार अथवा ५५०० कृषकलाई सेवा पुऱ्याउनु पर्ने बाध्यता रहेको ।)
- जिल्ला कृषि विकास समितिका कतिपय लाइन एजेन्सीहरुबाट अझैपनि दीर्घकालीन कृषि योजनाको मर्म र भावना आत्मसात हुन नसक्नु र यस सम्बन्धी समन्वय, अनुगमन र नियन्त्रण अपेक्षित रुपमा प्रभावकारी हुन नसक्नु ।
- अन्य मन्त्रालय अन्तर्गतका निकाय र दातृ संस्थाहरुमा भर पर्नुपर्ने बाध्यता ।
- विश्व ब्यापार संगठनको नाताले क्षेत्रीय बजारसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था ।

**उपलब्ध अवसरहरु**

- उच्च मूल्यवान बाली/बस्तुहरु- बेमौसमी तरकारी, तरकारी बीउ, अन्नबालीका बीउ, सुन्तलाजात फलफूल, जडिबुटी च्याउ खेती, मौरीपालन, हिउँदे फलफूलमध्ये ओखरखेती (High value low volume), कफी, अनार, उपयोगकर्ताहरुको रुची र बजारको अध्ययन गरेर किवीखेती, अलैंची आदिको व्यवसायिक उत्पादनको लागि उपयुक्त हावापानी
- बजार उपलब्धता- बेनी-बाग्लुङ-कुश्मा-पोखरा-काठमाडौं बुटवल आदि
- संस्थागत व्यवस्था- विभिन्न सरकारी तथा गै.स.स.हरु र कृषक समूह तथा सहकारीहरुको संलग्नता
- सदरमुकाम बेनी बजारबाट पोखरा-काठमाडौ लगायत देशका मूख्य बजारहरुसम्म बाह्रै महिना यातायात सुविधा उपलब्ध तथा बजारको उपलब्धता ।
- कृषि पर्यटन (Agro-Tourism) प्रवर्द्धनको अवसर- पोखरा-बेनी-जोमसोम, पोखरा-शिखघार-जोमसोम, बेनी-मुदी/चिमखोला-धौलागिरी बेस क्याम्प, बेनी कुहुं (टोड्के) आदि ।
- सर्वसुलभ श्रम उपलब्ध (८१ प्रतिशत जनता कृषि पेशामा निर्भर),
- प्रशस्त मात्रामा जैविक विविधता तथा परम्परागत सीप, ज्ञान र नदीनाला, जंगल आदि प्राकृतिक श्रोत साधनहरु उपलब्ध ।

**कृषि विकासका सम्भावनाहरु :**

उच्च मूल्यवान बाली/बस्तुहरु (HVC) हरुको ब्यवसायिकरण, विविधिकरण गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सकिने

- बेमौसमी ताजा तरकारी, तरकारीबीउ, बीउ आलु, सुन्तलाजात फलफूल
- मौरीपालन र च्याउ खेती,
- कृषि वन प्रणालीमा (Agro- Forestry) मा आधारित मसलाबाली र जडीबुटी-अदुवा, बेसार, कफी, टिमुर, डाले चुक आदि,
- म्याग्दी कोरिडोरमा उत्पादन सेवा/सामाग्री, सिचाई, सडक, विद्युत र बजार पूर्वाधारहरुको ब्यवस्था सुदृढ गर्न सकिएमा खाद्यान्न उत्पादन बृद्धि गरी जिल्लालाई खाद्यान्नमा आत्मनिर्भर गराउन सकिने,
- काली गण्डकी कोरिडोरमा कृषि-पर्यटन प्रवर्द्धन गर्न सकिएमा विदेशी मुद्रा आर्जन गर्न सकिने
- म्याग्दी र काली दुबै कोरिडोरमा फलफूलखेतीको विकास गर्न सकिने
- श्रोत केन्द्र विकास
  - ❏ सुन्तलाजात फलफूल र कफी नर्सरी,
  - ❏ तरकारी तथा खाद्यान्न बीउ
  - ❏ मौरी तथा मौरीपालन सम्बन्धि औजार उपकरणहरु

**उपसंहार :**

कृषि बहुसंख्यक म्याग्दीबासीहरुको आर्थिक विकासको आधार मात्र नभई यहाँको जीवनशैली, परम्परागत पैतृक सम्पत्ति, सामाजिक र साँस्कृतिक परिवेश पनि हो । भौगोलिक बिकटता सँगै सिचाई, सडक, विद्युत र बजार पूर्वाधारहरुको कमीका बावजुद पनि उपलब्ध भौगोलिक विविध भू-धरातल र हावापानीलाई सदुपयोग गर्दै निर्वाहमुखी खेती प्रणालीलाई विविधिकरण, आधुनिकिकरण एवं ब्यवसायिकरण गर्न गरिएको बिशेष प्रयासहरुको फलस्वरुप जिल्लामा सुन्तलाजात फलफूल, मौसमी तथा बेमौसमी ताजा तरकारी, खाद्यान्न तथा तरकारी बीउ, खायन तथा बीउ आलु, मह, च्याउ आदि उच्च मूल्यवान कृषि उपजहरुको उत्पादनले ब्यावसायिक स्वरुप धारण गर्दै आएको पाइएको छ भने कफी, अलैची, अदुवा, बेसार, लसुन, टिमुर आदि कृषि-बन प्रणालीमा आधारित मसलाबाली र जडीबुटीहरुको खेती बिस्तार गर्न सकिने प्रचुर सम्भावना देखिएका छन् ।

कृषि विकास एक अन्तरक्रियाशील, अन्तरसम्बन्धित र बहुआयामिक कार्य भएकोले एकल प्रयासबाट मात्र यो सम्भव छैन । त्यसैले कृषि विकासको अभियानमा प्रत्यक्ष वा परोक्षरुपमा सरोकार राख्ने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ/संस्था र नागरिक समाज राजनैतिक दल बिचको सहकार्यलाई अझ बढी जिवन्त र प्रभावकारी बनाउन सकिएमा जिल्लामा उपलब्ध कृषि विकासका सम्भावनाहरुलाई वास्तविकतामा रुपान्तरण गरी सम्पूर्ण म्याग्दीवासीहरुको जीवनस्तरमा उल्लेख्य सुधार ल्याउन सकिने देखिन्छ ।

# तथ्याङ्कमा सहमति

| क्र. सं | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र वर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाविसहरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरुष |
| क) साझेदारी कार्यक्रम | | | | | | | | | | | | | |
| १ | लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | (२० गा.वि.स. र १ न.पा.) आम्वोटे, वेलघारी, भिमस्थान, रानीचुरी, सिथौली, हत्पते, हर्षाही, निपाने, रानीवास, कमलामाई न.पा., डाँडी गुराँसे, मजुवा, महादेवस्थान, कपिलाकोट, जलकन्या, भद्रकाली, रतनचुरा, भिमेश्वर, सित्तलपाटी, पुरानो झाँगाझोली र झाँगाझोली रातमाटा | १६१७८ | २३०७ | ११५५७ | ६२३८ | २०१०२ | २०१०२ | २७४६ | ७ | ४ |
| २ | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान इन्टरनेशनल नेपाल | बागलुङ र म्याग्दी | बागलुङ (अमलाचौर, पैयुँपाटा, नारायणस्थान, दुदिलाभाटी, नरेठाँटी, हटिया, मल्म, काँडेबास, अधिकारीचौर, देविस्थान र खुङ्गा) र म्याग्दी ( राखुभगवती, राखुपिप्ले, घतान, पुलाचौर, कुहूँ, सिङ्गा र वरंजा) | ९९८६ | ४५४८ | २०९३ | ५११९ | ११७६० | ११७६० | - | ६ | ७ |
| ३ | बालिका शक्ति परियोजना | प्लान इन्टरनेशनल नेपाल | म्याग्दी | २० गाविस | ७०९१ | १८८१ | ४६८२ | १४७६ | ८०३९ | ८०३९ | १७०३ | ११ | ८ |
| ४ | अमिलो जातका फलफुलहरुको बजार प्रवर्द्धन परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी र तनहु | नवलपरासी- जौवारी,नरम, डाडाझेरी, रुचाङ्ग र अर्खला तनहुँ-बन्दिपुर नगरपालीका (बन्दिपुर र धरमपानीगा.वि.स. मिलाएर बनेको), वैदी, छिपछिपे, छिम्केश्वरी, देउराली, आबुखैरेनी | १००० | १७ | ९२२ | ९९ | १०३८ | ४९० | - | ३ | २ |
| ५ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासि | अर्खला, बुलिङ्गटार, रतनपुर, कोटथर, डांडाझेरी, गैडाकोट | ३१८२ | १६५९ | १८०६३ | ११४० | २०८६२ | १०१०९ | ८७९० | ३ | ४ |
| ६ | समुन्नति कार्यक्रम | अक्सफाम हङ्गकङ्ग | नवलपरासी | जौवारी, भारतीपुर, नरम, अर्खला, रुचाङ्ग, मिथुकरम, बुलिङ्गटार, मुकुन्दपुर | ३७५० | ६३८ | २९५० | ४१५ | ४००३ | ३३६९ | २१५० | ७ | ७ |
| ७ | जलवायु अनुकुलन गाउँ कीर्तिपुर परियोजना | प्राक्टिकल एक्सन | नवलपरासी | देवचुली नगरपालिका वडा नं. ५ र ६ | १५० | - | २६२ | - | २६२ | ९४ | - | १ | ० |
| ८ | नेपाल भारत सीमा बाढी उत्थानशिल परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | त्रिवेणीसुस्ता, कुडीया, नर्सही, गुठीप्रसौनी, सोमनी, रुपौलीया, पक्लिहवा र भुजहवा | कार्यक्रम शुरुवातको चरण भएकोले परिणाम आउन बाँकी | | | | | | | | |
| ख) केन्द्रीय कार्यालय | | आन्तरिक | नवलपरासी | - | - | - | - | - | - | - | - | १ | ८ |
| जम्मा | | - | ५ जिल्ला | ७४ गा.वि.स, २ नगरपालिका | ४१३३७ | ११०५० | ४०५२९ | १४४८७ | ६६०६६ | ५३९६३ | १५३८९ | ३९ | ४० |

# कार्यक्रम गतिविधि (कार्तिक-चैत्र, २०७१)

## सहमतिद्वारा सञ्चालन गरिएका कार्यक्रम गतिविधिहरू निम्नानुसार रहेका छन् ।

### समुन्नति कार्यक्रम नवलपरासी

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्गकङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

**क. संस्थागत विकास**

- समुन्नति कार्यक्रमको हालसम्मको उपलब्धी प्रभाव समेटिएको वृत्त चित्र डग मिडिया नेपाल काठमाण्डौको सहकार्यमा निर्माण ।
- अक्सफाम LEP साझेदार संस्थाहरु बीच कार्यक्रमगत समिक्षा र LEP को आगामी योजना बारे अक्सफामद्वारा स्पष्ट ।
- अक्सफाम भारतका क्षेत्रीय निर्देशक सहितका टोलीद्वारा समुन्नति कार्यक्षेत्र भ्रमण गरी LEP मोडेल बारे अन्तर्क्रिया र छलफल सम्पन्न ।
- सहकारी संस्था कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम सम्पन्न ६ वटा सहकारीका १२ जना सहभागी ।
- नरम रुचाङ्ग र मिथुकरम गाविसमा गाविस बजेट बाँडफाँड सम्बन्धी अभिमुखीकरण गोष्ठी सम्पन्न । गाविसको कार्यक्रम र बजेट विनियोजन प्रक्रिया र शीर्षक बारे स्पष्टता ।
- मिथुकरम र रुचाङ्ग गाविसमा समूह सहकारीमा काम, कर्तव्य र २ वटा सहकारीको सहभागिता ।
- कार्यक्षेत्रका ३ वटा सहकारी सहित प्रभू व्यवस्थापन समूहसँग सहकारीको सदस्य लक्षित सेवा विविधिकरण गोष्ठी सम्पन्न । प्रभूसँगको सम्पर्क, समन्वय विस्तार ।
- ३ वटा सहकारीमा समिति, उपसमितिको काम, कर्तव्य र अधिकार बारे अन्तर्क्रिया गोष्ठी ।
- कार्यक्षेत्रका ७ वटा गाविसका सहकारी संस्थाहरुको साधारण सभा सम्पन्न ।
- जौवारी/भारतीपुरका सहकारीहरुमा PEARLS अनुपात विश्लेषण गोष्ठी सम्पन्न । डिभिजन सहकारी कार्यालय प्रमुखको सहजिकरण ।
- जौवारी तथा भारतीपुर गाविसका सहकारी संस्थाहरुको व्यवसायिक योजना समीक्षा गोष्ठी सम्पन्न । तेस्रो चरणको सहकारी संस्था कर्मचारीहरुको लेखा क्षमता अभिवृद्धि तालिममा १५ जनाको सहभागिता ।

**खाद्यसुरक्षा र जीविकोपार्जन**

- बुलिङ्गटार गाविसस्तरीय खाद्यसुरक्षा र जिविकोपार्जन योजना निर्माणका लागि अवस्था अध्ययन पूर्व तयारी गोष्ठी तथा अवस्था अध्ययन र प्रतिवेदन तयारी ।
- फरेष्ट एक्सन नेपालको सहजिकरणमा साना किसानको सवाल र सरोकारवालाको भूमिका बारे १ दिने गोष्ठी कार्यक्षेत्रमा सम्पन्न ।
- मुकुन्दपुर स्थित युगचेतना नारी बचत तथा ऋण सहकारी संस्था लि. संगको सहकार्यमा सघन धान खेतीको लागत तथा प्रक्रिया, तौरतरिका बारे पुस्तक प्रकाशन ।
- बुलिङ्गटार गाविसको गाविसस्तरीय खाद्य सुरक्षा र जिविकोपार्जन योजना हस्तान्तरण गोष्ठी सम्पन्न ।
- जौवारी तथा भारतीपुर गाविसमा कृषक सहायता केन्द्र व्यवस्थापन गोष्ठी सम्पन्न । जसबाट जिल्ला कृषि विकास कार्यालयको सिफारिसमा १/१ जना ५१ दिने ग्रामीण कृषि कार्यकर्ता तालिममा सहभागी ।
- कार्यक्षेत्रका ३ गाविसमा कार्यरत विभिन्न व्यवसायिक तालिम कक्षाका अध्ययनरत OJT हरु ४ जनालाई काम सम्पन्नपछि आवश्यक प्रक्रिया सहित विदाई ।
- यस अवधिमा मिथुकरम, नरम, रुचाङ्ग र अर्खलामा गरी १० वटा समूह दर्ता । स्थानीय उत्पादनको लागत तथा नाफा लेखाजोखा TOT तालिममा कार्यक्रमबाट ५ जना सहभागी । तालिम Oxfam को आयोजनामा गोदावरीमा सम्पन्न ।

**WASH/DRR**

- मिथुकरम गाविसमा ४ घरधुरीमा सुधारिएको चुल्हो निर्माण सम्पन्न ।

- नरम रुचाङ्ग अर्खला गरी १७० घरधुरीमा प्रेसर कुकर, फिल्टर खरिदमा समन्वय तथा ढुवानी सहयोग ।
- अर्खला, नरम गाविसमा सरसफाईमा उत्कृष्ट समूहलाई सहकारी मार्फत पुरस्कृत ।
- नरम, रुचाङ्ग, अर्खला गाविसमा प्रकोप विपद् राहत कोष थप हस्तान्तरण ।

### लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- २० गा.वि.स.मा ३३ वटा महिला स्वावलम्बी समूहहरु गठन गरी ६४८ जना नयाँ सदस्यहरुलाई आवद्ध गर्न सफल । हालसम्म यी समुहहरुको संख्या १,१६३ पुग्यो भने सदस्यहरुको संख्या २०,१०२ जना रहेको छ ।
- २० वटा सहकारीमा सदस्यहरुको संख्या १९,१२४ पुगेको छ । उक्त संख्याभित्र ५,७४३ शेयर सदस्य २५ वर्ष भन्दा कम उमेर समूहका रहेका छन् ।
- ३ वटा गा.वि.स. (निपाने, सित्तलपाटी र मजुवा) का वचत तथा ऋण सहकारीहरुले आफ्ना गा.वि.स.का सबै घरधुरीहरुलाई सहकारीभित्र आवद्ध गरिसकेका छन् भने मजगवा र निपाने गा.वि.स.हरुको भने घोषणा नै भइसकेको अवस्था छ । अव २० वटा गा.वि.स. मध्ये सित्तलपाटी, भिमेश्वर, रतनचुरा, भद्रकाली, जलकन्या, मजुवा, निपाने र हर्षाही गरी ८ वटाले सत्प्रतिशत घरधुरी आ-आफ्ना सहकारीहरुमा आवद्ध गरिसकेका छन् ।
- २० वटा सहकारीहरुले गाँउघर तिर छरिएर रहेका साना साना रकमहरुलाई वचत गरी हालसम्म कुल रु.११,२९,१९,००० लगानी गर्न सफल भएका छन् भने यस अवधिमा मात्र २७७ जना नयाँ ऋणीहरुलाई रु. १०९,६२,००० लगानी गर्न सकेका छन् । यसरी हालसम्म जम्मा ८,१५३ जनाले कर्जा लिने अवसर पाई सकेका छन् ।
- सबै सहकारीहरुका व्यवस्थापक, लेखा समिति तथा संचालक समितिका सदस्यहरुले वित्तिय विश्लेषण गर्ने एवं सहकारी सुशासन र नेपाल राष्ट्र वैकको सहकारी कर्जा विषयमा अनुशिक्षण पाई सकेका छन् भने आठ वटा सहकारीहरुले आ-आफ्ना वचत तथा ऋण सहकारीहरुको व्यवसायिक योजनाका समिक्षा गरी आफ्ना योजनाहरुलाई तीन वर्षका लागि अध्यावधि गर्न सफल ।
- हरेक गा.वि.स.मा ३/३ पायक पर्ने स्थानहरुमा गरी कुल ३० पटक महिला स्वाबलम्वी समुहहरुका प्रतिनिधिहरुको भेला आयोजना । उक्त भेलाले आफ्ना समुहहरुमा बचतको दर वढाउने र समुहमा सदस्य हुन छुटेका अन्य घरहरुलाई समेट्ने ।
- पाँच वटा सहकारीहरुमा नगद काउण्टरको व्यवस्था गरियो भने अव सबै सहकारीहरुमा नगद काउण्टरबाट कारोवार गर्ने भएका छन् । उक्त काउण्टर निर्माण गर्न महादेवस्थान गा.वि.स.मा स्थानीय सरकार (गा.वि.स.)ले सहयोग गरेको थियो भने अन्य १९ वटामा वालिका शक्ति परियोजनावाट खर्च जुटाइएको थियो । त्यसै गरी अव नयाँ पाँच वटा नै सहकारीहरुले आफ्ना अभिलेखहरु कम्प्युटरवाट राख्ने भएका छन् । हर्षाही गा.वि.स.को सन्तोषी बचत तथा ऋण सहकारी संस्था लि.ले विप्रेषणको सेवा सुरु गरेको छ ।
- जिल्लाका ६४ वटा वचत तथा ऋण सहकारीहरुको छाता संघका सदस्यहरुले मकवानपुर र नवलपरासीका विभिन्न ख्याति कमाएका सहकारीहरु र वचत तथा ऋण संघहरुको अध्ययन भ्रमण सम्पन्न गरेका छन् र उनीहरुले जिल्ला संघको वेग्लै व्यवसायिक योजना निर्माण ।
- प्लान ईन्टरनेशनलबाट सञ्चालित वालिका शक्ति परियोजनाका चार देशका साझेदार संस्थाका प्रतिनिधिहरुले सिन्धुली जिल्लाको प्रगतिलाई कार्यस्थलमा नै पुगेर अवलोकन तथा सहकारीका प्रतिनिधिहरुसंग छलफल गरी अनुभव आदानप्रदान । उनीहरुले महिलाहरुबाट सञ्चालित वचत तथा ऋण सहकारीको प्रगति, महिला सशक्तिकरण र वालिकाहरुको सहभागीता बारेमा छलफल ।
- स्थानीय निकायका पदाधिकारीहरुलाई महिलाहरुको अग्रसरतामा स्थानीय विकास भएका कार्यहरुका विषयमा सकारात्मक खोज गर्न सकियोस् भनी कार्यशालाको आयोजना जसद्वारा गा.वि.स.का प्रमुखहरुले यस कार्यक्रमबाट आफूहरुमा नयाँ अवधारणा विकास गर्न सहयोग मिलेको त्यसैगरी जिल्ला विकास समिति र जिल्लाका राजनीतिक नेताहरुको एक समुहले यस कार्यक्रम सञ्चालन भएको स्थानमा नै स्थलगत अनुगमन गर्नु भयो । कार्यक्रमलाई अन्य दुर्गम गा.वि.स.हरुमा लैजानु पर्ने र त्यसका लागि आफूहरु अझै समन्वय गर्न तयार रहेको कुरा जानकारी ।
- सहमतिले गरेका कार्यक्रमहरुलाई विभिन्न सञ्चारका माध्यमबाट प्रसारण गर्ने कार्यमा पत्रकारहरुबाट सहयोग

### ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ६ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- कार्यक्षेत्रका युवा सूचना केन्द्रहरूले १६वटा साप्ताहिक परामर्श बैठक सम्पन्न । जसमा २५० जना युवाहरूको सहभागिता ।
- हाल बुलिङ्गटार-५, बाँझगरामा ५ दिने लेखा व्यवस्थापन तालिम २२ जना युवाहरूको सहभागितामा सम्पन्न ।
- ४ वटा वित्तीय साक्षरता गोष्ठी सम्पन्न । जसमा ८२ युवाहरूको सहभागितामा सम्पन्न ।
- हाल २३ जना युवाहरूको सहभागितामा युवा सूचना केन्द्रको समीक्षा बैठक गैंडाकोटमा सम्पन्न ।
- व्यवसायिक केरा खेती तालिम २३ जना युवा कृषकहरूको सहभागितामा केलादीमा सम्पन्न ।
- लिजा प्रविधि सम्बन्धी तालिम कोटथर-८ काँफलडाँडामा सम्पन्न । जसमा २४ जना कृषकहरूको सहभागिता रहेको थियो ।
- ३ वटा अदुवा खेती तालिम सम्पन्न ।
- अर्खला गाविसमा रहेको देउचुली युवा क्लव विगत १५ वर्षदेखि निष्क्रिय रूपमा रहेको संस्थालाई सक्रिय बनाउँदै संस्थाको बार्षिक लेखा परिक्षण, नविकरणका साथै गैसस महासंघमा आवद्ध ।

### दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, बाग्लुङ्ग/म्याग्दी

बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तिय सेवाको पहुँचमा वृद्धि गरी उनीहरुको दिगो आयस्रोतको विकासमा सहयोग गर्ने उद्देश्यका साथ प्लान नेपाल र सहमतिको साझेदारीमा सन् २०११ डिसेम्बर देखि संञ्चलित **"स्वाबलम्बी समूहहरु तथा महिला सहकारी प्रवर्द्धन कार्यक्रम**ले दलित तथा अपाङ्गता घर परिवारका महिलाहरुलाई समूह र सहकारीमा आबद्ध गराई उनीहरुको जीवनस्तर बृद्धि गर्न उल्लेखनीय भूमिका खेलेको छ । सहकारीमार्फत सरल व्याजदरमा ऋण प्रवाह गर्न सहजीकरण गरी विभिन्न आयमूलक क्रियाकलाप सञ्चालनद्वारा लक्षित वर्गको आर्थिक स्थिति सुधार, पहुँचमा वृद्धि र नेतृत्व विकास गरी दिगो आयस्रोतको विकासमा सहयोग गर्न यस कार्यक्रमले महत्वपुर्ण भूमिका खेलेको पाइन्छ ।

- कुहूँ स्थित प्रगतिशिल महिला बचत तथा ऋण सहकारी संस्थाद्वारा सम्पूर्ण ७३६ घरधुरी सहकारीमा आवद्ध गरि घोषणा गर्न सफल । त्यसैगरि नरेठाँटी स्थित जीवनसाहारा महिला बचत तथा ऋण सहकारी संस्थाले पनि घोषणा गर्ने तयारी।
- हालसम्म ५१४ वटा स्वाबलम्बी समुहहरु गठन भई ११७६० महिला सदस्यहरु समुहमा आवद्ध । समुहमा ४५४८ दलित, २०९३ जनजाति र ५११९ अन्य सदस्यहरु रहेका । ६३९ जना एकल महिला र ९६५ जना अपाङ्गता भएका परिवारका सदस्यहरु समेत सोही समूहमा आबद्ध ।
- १०८२० जना महिलाहरु १८ महिला सहकारीमा आबद्ध । यसमा ३८२१ दलित, १९५२ जनजाती र ५०४७ अन्य शेयर सदस्य रहेका छन् । ६५१ जना एकल महिला र ८९४ जना अपाङ्गता भएका परिवारका सदस्यहरु समेत सहकारीमा आबद्ध रहेका छन् । सहकारीमा जम्मा बचत रु. ४२६८३६५२/-, शेयर पुँजी रु. १५९३८९००/- रहेको छ भने सहकारी संस्थाबाट ३७९४ ऋणीहरुलाई कुल रु. ६३२७४४४८/- ऋण प्रवाह गरीएको छ ।
- कार्यक्षेत्रका कुहूँ र वरंजा गाविस स्थित सहकारीमा ३ दिने व्यवसायिक योजना तर्जुमा तालिम सम्पन्न । जम्मा सहभागी ५८ जसमध्ये दलित ६, जनजाति ३३ र अन्य १९ रहेका । त्यसैगरि कार्यक्षेत्रका पुलाचौर, राखुभगवती र सिङ्गा स्थित सहकारीमा ३ दिने सहकारी व्यवस्थापन तालिम सम्पन्न । जम्मा सहभागी ७४ जना, जसमध्ये दलित १५, जनजाति ४ र अन्य ५५ रहेका ।
- सहकारीका व्यवस्थापक र लघुवित्त सुपरभाईजरलाई वित्तिय दक्षता वृद्धि गर्न ५ दिने वित्तिय व्यवस्थापन तालिम सम्पन्न जसमा १८ वटै सहकारीका व्यवस्थापक र ६ जना लघुवित्त सुपरभाईजरलाई सहभागी गराईएको ।
- पकेटक्षेत्र विस्तारका लागि कार्यक्षेत्रभित्रका अमलाचौर, दुदिलाभाटी, नरेठाँटी, खुङ्गा, देविस्थान, कुहूँ र घतानमा २ दिने तरकारी उत्पादन तालिम सम्पन्न भएको जसमा १९९ जना सहभागी भएका (दलित: ७३, जनजाति: ६० र अन्य: ६६) ।

### अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन कार्यक्रम

"अमिलो (Citrus) जातका फलफूलहरुको बजार प्रवर्द्धन परियोजना" नवलपरासी जिल्लाको सुन्तलाको पकेट क्षेत्र घोषणा गरेका ५ गाविस (डाँडाझेरी, जौवारी, अर्खला, नरम र रुचाङ्ग) र तनहुँको ७ गाविस (धरमपानी, वैदी, छिपछिपे, छिम्केश्वरी, आवुखैरनी, देउराली र बन्दीपुर) मा सहमति र लुर्थरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य सुन्तला उत्पादक किसानहरुको आम्दानी ३०% ले वृद्धि गर्ने रहेको छ ।

- जिल्ला परियोजना सल्लाहकार समितिको बैठक २०७१/६/२७ गते तनहुँ तथा २८ गते नवलपरासीमा सम्पन्न । नवलपरासी जिल्लाको जौवारी गाविसको लाफा सुन्तला समूह र चापाभञ्ज्याङ्ग समूहमा १/१ वटा सुन्तला नर्सरी स्थापना ।
- मिति २०७१/८/२६ देखि २८ गतेसम्म पोष्ट हार्भेष्ट व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन । उक्त तालिममा १६जना पुरुष र १९ जना महिला गरी जम्मा ३५ जनाको सहभागिता ।
- तनहुँ जिल्लाको वैदी गाविसको अकला फलफूल तथा तरकारी उत्पादन समूहलाई ४० वटा प्लाष्टिक क्रेट सहयोग । तनहुँ जिल्लामा जिल्ला कृषि विकास कार्यालय, मादी सेती एफ.एम.१०५.८ हर्ज र रेडियो बन्दिपुर सँगको सहकार्यमा बजार भाउ तथा बजार सम्बन्धी सूचना प्रसारण तथा कास्कि जिल्लाको माछापुच्छ्रे एफ.एम.सँग पनि सहकार्य गरी सुन्तलाको बजारीकरण सम्बन्धी कार्यक्रम सम्पन्न ।
- नवलपरासी जिल्लाको जौवारी गाविस तथा तनहुँको बन्दिपुर-१०, काफलस्वरमा गरी २ वटा ग्रेडिङ्ग, लेवलिङ्ग, प्याकेजिङ्ग तथा ब्रान्डिङ्ग सम्बन्धी तालिम सम्पन्न । जसमा ३९ जना पुरुष तथा २९ महिला गरी ६८ जनाको सहभागिता ।
- नवलपरासी जिल्लाको ३ समूह तथा तनहुँ जिल्लाको ३ समूह गरी जम ६वटा समूहलाई फुट स्प्रेयर सहयोग । तनहुँ जिल्लाको बन्दिपुर-१०, ज्यामिरेमा आई.पि.एम. कृषक पाठशाला अन्तर्गत ३ वटा सेसन सञ्चालन । जसमा प्रत्येक सेसनमा २५ जना कृषकहरुको सहभागिता ।
- काफलस्वरा वागवानी कृषक समूह, बन्दिपुर-१०, तनहुँ, खानीगाँउ मोहरिया वागवानी कृषक समूह, बन्दिपुर-९ जिल्ला कृषि विकास कार्यालय, तनहुँमा दर्ता । सहकारी पूर्व व्यवस्थापन सम्बन्धी तालिम तनहुँको आवुखैरेनीमा सञ्चालन । जसमा ३५ जना सहकारीहरुले सहभागिता जनाएका थिए ।
- सहकारी संस्थागत विकास सम्बन्धी २ दिने तालिम माघ १५ र १६ गतेसम्म सञ्चालन । जसमा ३६ जनाको सहभागिता ।
- मिति २०७१ चैत्र १२ गते कृषकहरुको ३ दिने अध्ययन अवलोकन भ्रमण सम्पन्न । ३२ जना कृषकहरु तथा ४ जना परियोजना कर्मचारीहरुले पाल्पाको मुझुङ्ग-२ मा शुन्य शक्ति शित भण्डारण अवलोकन । अवलोकनको क्रममा मदन पोखरा कृषि बजार सहकारी संस्था लि.सँग अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न साथै तानसेनमा रहेको सुन्तलाजात फलफूल विकास केन्द्र अवलोकन ।

### बालिका शक्ति परियोजना, म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ्ग, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ्ग, मुदी, निस्कोट, ओखरबोट, पाखापानी, पाल्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कुल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मूख्य उद्देश्य वित्तीय स्रोत र जीविकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- जिल्ला विकास समिति म्याग्दीमा आ.व.२०७२/७३ को संस्थाका तर्फबाट प्रस्तुत प्रस्तावित योजना तथा बजेट जिविसका विषयगत समिति तथा जिल्ला परिषद्बाट पारित । सन् २०१५ का लागि प्लान ईन्टरनेशनल नेपालसँग परियोजना साझेदारीका लागि सम्झौता सम्पन्न भई शुभारम्भ ।
- सन् २०१५ को पहिलो त्रैमासिकमा ४ गाविसहरु चिमखोला, वेगखोला, लुलांग र निष्कोट गाविसका सम्पूर्ण घरधुरीहरु महिला सहकारीमा आवद्ध हुन सफल । यस अघि सबै घरधुरी महिला सहकारीमा समेट्न सफल गाविसहरु कुईनेमंगले, दग्नाम र झीँ सहित शतप्रतिशत घरधुरी सहकारीमा समावेश भएको गाविस संख्या २० मध्ये ७ पुगेको छ भने पाल्लेखेत र देवीस्थान गाविसमा पनि सबै घरधुरी सहकारीमा समावेश हुने अभियानको तयारीमा ।
- कार्यक्षेत्रका महिला सहकारी तथा युवा महिला संस्थाहरुले विभिन्न सरकारी निकायहरुसँग समन्वय गरी जीविकोपार्जन, सशक्तिकरण र सामाजिक गतिविधि सञ्चालन गर्नका लागि कुल रु. २७,४७,००० को सहयोग लिएका
- ९६८ जना महिलाहरु १७३७ रोपनी क्षेत्रफलमा व्यवसायिक खेतीमा संलग्न । जसमध्ये युवा महिलाहरु १६७ जना, दलित १८९, जनजाति ४६७, बाहुन क्षेत्री ३१२ रहेका । साथै ९५ जना अपांगता परिवार र १८ जना एकल महिला रहेका । कार्यक्षेत्रमा हाल गैरकृषिजन्य उद्यम तथा कृषिजन्य उद्यममा संलग्न संख्या १०७८ जना रहेको ।कार्यक्षेत्रका कुल घरधुरी ११९९५ मध्ये ५९ प्रतिशत अर्थात् ७०९१ घरधुरी समूह तथा सहकारीमा संगठित भएका छन् भने कुल लाभान्वित जनसंख्या ३१९०९ रहेको ।
- सबै २० सहकारीमा आवद्ध समूह संख्या ३१६, समूहमा आवद्ध महिला संख्या ८०३९ जना, बचत रु. ३९२७०१२९, शेयर पूँजी रु. २०६०७०००, सदस्य ऋण लगानी रु. ५७७१५००० तथा कुल कारोबार ६३७६८००० पुगेको ।
- ९२ वटा युवा महिला समूहहरु गठन भएका ।३ महिनाको अवधीमा समूह व्यवस्थापन तालिम २० वटा, सहकारीको व्यवसायिक योजना तर्जुमा गोष्ठी ३ वटा, युवा महिला व्यवस्थापन तालिम ४ वटा, परियोजनामा कार्यरत् कर्मचारीहरुका लागि विकासमा लैगिक

मूलप्रवाहिकरण तालिम १ वटा, युवा महिलाहरुलाई नेतृत्व क्षमता विकास तालिम १ वटा, सहकारी प्रशिक्षक प्रशिक्षण पुनर्ताजगी तालिम १ वटा, व्यवसायिक तरकारी उत्पादन तालिम ११ वटा, करेसाबारी प्रवर्द्धन तालिम ९ वटा तथा मसलाबाली प्रवर्द्धन तालिम ९ वटा सम्पन्न । यी सबै तालिममा २०७२ जना व्यक्तिहरु समावेश

**जलवायु अनुकूलन गाँउ-कीर्तिपुर :**

सहमति र प्राक्टिकल एक्सनको साझेदारीमा सन् २०१४ अक्टोवरदेखि नवलपरासी जिल्लाको देवचुली नगरपालिका-३ अन्तर्गत कीर्तिपुर गाउँमा यस परियोजना सञ्चालनमा रहेको छ । यस परियोजनाको मूख्य उद्देश्य एकीकृत सामुदायिक अवधारणामा आधारित जलवायु अनुकुलनको हिसावले कीर्तिपुर गाउँलाई नमूना गाँउको रूपमा विकास गर्ने ।

- कृषकहरुलाई विभिन्न प्राविधिक सरसल्लाह एवं ज्ञानका लागि नियमित कृषक पाठशाला सञ्चालन । कृषि प्राविधिकद्वारा समुदायका कृषकहरुलाई तरकारी र च्याउ उत्पादनमा विशेष प्राविधिक ज्ञान र सरसल्लाह प्रदान । भोजवीर, सुनारी गाउँमा कृषकहरुले सिमिको विउ, काक्रो, गाजर, फर्सी, करेला आदि उत्पादन गरी नर्सरी र नमूना प्लटको रूपमा तयार गर्न सफल । कृषक पाठशाला महिनामा दुई पटक सञ्चालन ।
- कृषि प्राविधिकद्वारा कार्यक्षेत्रका ८ वटा किसानको नमूना माटो संकलन र उक्त माटोलाई परिक्षणको लागि काठमाण्डौं ल्यावमा पठाईएको । माटो परिक्षण पश्चात् आएको परिणामले माटोको गुणस्तर सुधार्न थप सहयोग मिल्ने ।
- पानीको मुहानको संरक्षण एवं सरसफाई कार्यक्रम सम्पन्न । जसमा ६७ जना (महिला ३४, पुरुष ३३) को सक्रिय सहभागिता ।
- सिञ्चाई कुलो मर्मत, सुधार र विस्तार सम्बन्धी छलफल कार्यक्रम माझी गाउँ कीर्तिपुरमा सम्पन्न । जसमा ५९ को सहभागिता (१७ महिला, ४२ पुरुष) । उक्त छलफल कार्यक्रममा अग्निरेखा निर्माण कसरी गर्न सकिन्छ भन्ने विषयमा समेत छलफल ।
- झण्डै १० जना किसानद्वारा सुधारिएको खोर निर्माण । जसबाट पशु बाहिर चर्ने, वातावरणीय रूपमा पनि स्वच्छ एवं पशु विकासमा टेवा पुगेको । खासगरी किसानहरुलाई उनीहरुको प्राथमिकता र खोर निर्माण गर्ने क्षमताको आधारमा छनौट गरिएको ।
- मौरीपालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना । जसमा २५ जना मौरीपालन कृषकहरुको सहभागिता । मुख्यतया मौरीका प्रकार, मौरीको विकल्प, आहार, मौरीको शत्रु, मौरीचाका प्रकार, गोलालाई कसरी विभाजन गर्ने र सहभागीबाट आएका जिज्ञासा, समस्यालाई केन्द्रित गरेर छलफल ।

**केन्द्रीय कार्यालय गतिविधिः**

- २०७१ मंसिर ५ गते संस्थाको तेह्रौ बार्षिकोत्सव तथा सोह्रौ साधारण सभा सम्पन्न । जसमा बार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन र आगामी वर्षका लागि प्रस्तावित कार्यक्रमहरु प्रस्तुत ।
- २०७१ कार्तिक १८ गते श्री गणेश बचत तथा ऋण सहकारी संस्था, चितवनबाट सञ्चालक समिति सदस्य एवं सदस्यहरुद्वारा संस्थाको भवनको भौतिक निरिक्षण र सो अवसरमा संस्थाले सहकारीता प्रवर्द्धन, मजबुतीकरणका क्षेत्रमा गरेका अनुभवको आदानप्रदान ।
- अक्सफाम जि.वि.सँगको साझेदारीमा कावासोती नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा भुकम्प प्रतिरोधी भवन निर्माणका लागि सम्झौता ।
- संस्थाको उद्देश्य तथा कार्यक्रमहरुमा मानवता विकासलाई एकिकृत गर्नका लागि सहमति कार्यसमिति सदस्य, वरिष्ठ कार्यक्रम व्यवस्थापन टिम, वरिष्ठ कर्मचारी र सदस्यहरुको सहभागितामा पौष २२ र २३ गते **Value Based Training** डा. हरिहर आचार्यद्वारा सहजिकरण ।
- सहमति संस्थाका संस्थापक एवं कार्यसमिति सदस्य श्री एकनाथ रिजालज्यूकी ममतामयी माता श्री लिलावती रिजालको २०७१ माघ २८ गते भएको दुःखद निधन । यस दुःखद घडिमा सो दिन (२०७१ माघ २८ गते) का लागि कार्यालय बन्द रहेको व्यहोरा जानकारी ।
- लुथरन वर्ल्ड रिलिफसँगको साझेदारीमा नवलपरासीका नारायणी तटका ८ गाविसहरुमा बाढि पूर्व सूचना प्रणाली सुदृढ गर्न नेपाल भारत सीमा बाढी उत्थानशील परियोजनाको (मार्च २०१५ देखि सेप्टेम्वर २०१६ सम्म) सञ्चालन शुरुवात ।
- २०७१ चैत्र ३० गते विभिन्न मनोरञ्जनात्मक खेलहरु सहित नयाँ वर्ष २०७२ को पावन अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना । जसमा सहमति कार्यसमिति, सल्लाहकार समिति, वरिष्ठ कार्यक्रम व्यवस्थापन टिम, सहमति केन्द्रिय कार्यालयका कर्मचारी, सहज सामुदायिक अस्पतालका कर्मचारी, परियोजनाका कर्मचारीहरुको सहभागिता ।
- मार्च १५ मा **ARI Japan** का प्रतिनिधिद्वारा संस्थाको अवलोकन एवं **ARI Gradeautes** सँग अन्तरक्रिया

**सहमति अध्ययन केन्द्र**

- जम्मा तालिम सञ्चालन दिन : ७२ दिन (गत २०७१ कार्तिक देखि चैत्र मसान्तसम्म)
- कूल सहभागी : ४५१ (महिला : २५४, पुरुष : २०६)
- जम्मा सहभागी संघसंस्था : ९

**सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी**

- २०७१ कार्त्तिक देखि फाल्गुनसम्म सहज सामुदायिक अस्पताल प्रङ्गणमा २४१ जनालाई निशुल्क खोप सेवा प्रदान गरिएको छ साथै २ जना जेष्ठ नागरिकलाई निशुल्क जनरल ओपिडि सेवा प्रदान गरिएको छ ।
- सहज सामुदायिक अस्पतालको आयोजनामा रतनपुर गाविस वडा नं. २, गडम्दिमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरियो जसमा वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ, वरिष्ठ फिजिसियन, वरिष्ठ हाड जोर्नी तथा नशा रोग विशेषज्ञ, बालरोग विशेषज्ञ, रेडियोलोजिष्ट बाट स्वास्थ्य परीक्षण गरिएको थियो साथै आँखा जाँच तथा ल्याव टेष्ट सम्पन्न ।
- सहज सामुदायिक अस्पतालको आयोजनामा गैंडाकोट-८ मा अवस्थित कालिका उच्च माध्यमिक विद्यालय प्रङ्गणमा चितवन हस्पिटल प्रा.लि.को सहकार्यमा निःशुल्क दन्त शिविर सम्पन्न ।
- सहज स्वास्थ्य सहकारी संस्था लि. प्राङ्गणमा मातृ शिशु स्वास्थ्य सहयोग (SMILE) परियोजनाद्वारा कार्यक्षेत्रका महिला स्वयंसेविकाहरुका लागि १/१ दिने नेतृत्व विकास तथा लैङ्गिकतामा हुने हिंसा विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो जसमा जिल्ला स्वास्थ्य कार्यालय, नवलपरासी र महिला विकास कार्यालय नवलपरासीबाट सहजिकरण ।
- मातृ शिशु स्वास्थ्यको सुधारको लागि नवलपरासीको १० गाविसमा सहज स्वास्थ्य सहकारी संस्था लि. गैंडाकोट र केयर नेपालको साझेदारीमा सञ्चालित मातृ शिशु स्वास्थ्य सहयोग (SMILE) परियोजना अन्तर्गत विभिन्न आमा समूहहरु, सासु बुहारीहरुसँगको छलफल तथा वडा स्तरीय गुणस्तरीय स्वास्थ्यको लागि आफ्नै पहल (साथ) कार्यक्रमहरु सञ्चालन गरी २९ वटा आकस्मिक कोषको स्थापना ।
- सहज सामुदायिक अस्पताल र कलेज अफ मेडिकल साईन्सेज, शिक्षण अस्पतालको संयुक्त आयोजनामा Continue Medical Education (CME) कार्यक्रम सम्पन्न गरियो । जसमा न्यूरोसर्जरी, कार्डियोथोरासीक भास्कुलर सर्जरी सम्बन्धमा तथा सहज सामुदायिक अस्पतालको सम्बन्धमा प्रस्तुतिकरण ।
- सहज सामुदायिक अस्पताल र चितवन हिमाल डेण्टल अस्पतालको संयुक्त आयोजनामा गैंडाकोट-६ मा अवस्थित भाग्योदय प्राथमिक विद्यालयको रजत जयन्तीको उपलक्ष्यमा विद्यालय प्राङ्गणमा निःशुल्क दन्त शिविर सम्पन्न ।
- २४ घण्टे आकस्मिक सेवाको साथमा वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ, वरिष्ठ फिजिसियन (पेट, छाती, मुटु, मधुमेह, उच्चरक्तचाप विशेषत्र), वरिष्ठ हाडजोर्नी तथा नशा रोग विशेषज्ञ, वरिष्ठि बालरोग विशेषज्ञ सहित अत्याधुनिक उपकरणहरुबाट स्वास्थ्य जाँच सेवा निरन्तर सञ्चालन ।

# हाल सञ्चालित परियोजनाका केही झलकहरू



आठ दिनमै तयारी अवस्थाको धानको बीउ, मुकुन्दपुर–नवलपरासी



SRI प्रविधिबाट लगाइएको धान मेशिनले गोड्दै, मुकुन्दपुर–नवलपरासी



कुखुरापालन व्यवसायमा संलग्न लिला दर्जी, हटिया–५, बाग्लुङ्ग



खुला दिसामुक्त तथा सहकारीमा सत्प्रतिशत घरधुरी आवद्ध घोषणासभा गर्दै, मझुवा–सिन्धुली



महिलाका सवालमा अन्तर्क्रिया गर्दै मझुवा गाविसका महिलाहरु, सिन्धुली



बाख्रापालन व्यवसायमा संलग्न मिना वि.के., पैयुपाटा–बाग्लङ्ग



युवा कृषहरुद्वारा LEISA प्रविधि सम्बन्धी तालिम लिँदै, नवलपरासी



युवा किसानहरुद्वारा जैविक रसादी तयार, नवलपरासी



तयारी गरिएको जैविक रसादी सुन्तलाको बिरुवामा प्रयोग गर्दै, नवलपरासी



किसानहरुद्वारा उत्पादित सुन्तला शुन्य शक्ति भण्डारमा भण्डार गरिएको, जौबारी, न.प.



महिलामैत्री संविधान कसरी बनाउन सकिन्छ भन्ने विषयमा अन्तर्क्रिया गर्दै महिला नेतृत्वकर्मी, सिन्धुली



समुदायद्वारा उत्पादित व्यवसायिक च्याउ, कीर्तिपुर, नवलपरासी



सुख्या यामका लागी पानीको जोहो गर्न निर्माण गरिएको प्लास्टिक पोखरी साथमा करिब ५ रोपनी जमिनमा बिस्तार गरिएको तरकारी खेती, रत्नेचौर,म्याग्दी

**प्रेषक**

**सहमति**
गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

**प्रापक**

टिकट